लेखापरीक्षण प्रतिवेदन

भोटखोला गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

भोटखोला गाउँपालिका, संखुवासभा

आर्थिक वर्ष २०८१/८२

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य (MISSION)

स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता (Core Values)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८१।८२ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)

२०८३ वैशाख **महालेखापरीक्षक**

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/286

श्रीमान् अध्यक्षज्यू,
भोटखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा।

विषय - लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा (२) बमोजिम त्यस पालिकाको आर्थिक वर्ष २०८१।८२ को लेखापरीक्षण सम्पन्न गरी तयार गरिएको लेखापरीक्षण प्रतिवेदन यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा जानकारीका लागि अनुरोध छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, कोशी प्रदेश
काठमाडौं

प.सं.:2082/83 मिति : २०८३-१-२८
च.न :APPROVED/FAR/2081-82/LOC/286

स्थानीय तहको रायसहितको प्रतिवेदन

श्रीमान् अध्यक्षज्यू ,
भोटखोला गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
संखुवासभा।

विषयः लेखापरीक्षण प्रतिवेदन।

१. कैफियत सहितको राय

हामीले तहाँ गाउँपालिकाको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असरबाहेक, पेस भएको २०८२ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०८१।८२ को प्राप्ति र भुक्तानीको एकीकृत एवं वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानीय सञ्चित कोषको वार्षिक आर्थिक विवरण त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको स्थानीय तहको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन तथा प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही र यथार्थ अवस्था चित्रण गर्दछ।

२. कैफियत सहितको राय व्यक्त गर्ने आधार

२.१. गाउँपालिकाले अन्तरसरकारी अख्तियारीतर्फको विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रूपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन।

२.२. गाउँपालिकाको रू. ६४ करोड ६९ लाख ७९ हजारको लेखापरीक्षण गरिएकोमा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनमा ८५ सैद्वान्तिक दफा सहित रू. २ करोड ६१ लाख ८५ हजार बेरूजू देखिएको छ। सो सम्बन्धमा पालिकाबाट कुनै प्रतिक्रिया प्राप्त भएको छैन। उक्त बेरूजु मध्ये असुल गर्नुपर्ने रू. ५ लाख ९० हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ८८ लाख २९ हजार, नियमित गर्नुपर्ने रू. १ करोड ५९ लाख २६ हजार र पेश्की बांकी रू.८ लाख ४० हजार रहेको छ। गतवर्षसम्म कायम बेरुजु रू. १७ करोड २२ लाख १९ हजार मध्ये सम्परीक्षण हुन नसकि यस बर्षको थपसमेत हालसम्मको अध्यावधिक बेरूजू रू. १९ करोड ८४ लाख ४ हजार रहेको छ। बेरूजु वर्गीकरण, अद्यावधिक बेरूजु स्थिति र बेरूजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

२.३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले गाउँपालिकाको पेस्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन। हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका सरकारी लेखापरीक्षण मानदण्ड,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौँ। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

३.अन्य बेहोरा- लेखापरीक्षणबाट ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, स्थानीय वित्त व्यवस्थापन,सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, शासकीय प्रवन्ध, स्रोत सुनिश्चितता र बजेट व्यवस्थापन र विकास प्रशासन र सोको कार्यान्वयन, अनुदान वितरण तथा अनुगमन, सेवा प्रवाह, स्थानीय प्रशासन, जवाफदेहिता र सुशासन लगायतका विषयमा सुधार गर्नुपर्ने देखिन्छ।

४. वित्तीय विवरण उपर व्यवस्थापन र लेखा उत्तरदायी अधिकृतको जिम्मेवारी

नेपाल सार्वजनिक क्षेत्र लेखामानबमोजिम सही र यथार्थ हुने गरी वित्तीय प्रतिवेदन तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय प्रतिवेदन सारभूतरूपमा गलत आँकडारहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी स्थानीय सरकारमा रहेको छ। गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

५.वित्तीय विवरणको लेखापरीक्षणउपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रूपमा गलत आँकडा मानिएको छ।

(श्रीकुमार राई)
नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट सम्परीक्षण			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम	असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती								
८५	४६	२,६१,८४,८१९	०	०	०	०	८५	४६	२,६१,८४,८१९	५,८९,९३५	१,५९,२६,१००	८८,२८,७८४	०	०	२,४७,५४,८८४	८,४०,०००

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष सम्परीक्षण	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
संखुवासभा	१७,२२,१९,१८०	०	०	१७,२२,१९,१८०	०	२,६१,८४,८१९	१९,८४,०३,९९९

भोटखोला गाउँपालिका, संखुवासभा

(८०१०४५०२३००)

भोटखोला गाउँपालिका , संखुवासभा

परिचय

१ **परिचय**

(क) कार्यालय परिचय :- स्थानीय नेतृत्वको विकास गर्दैस्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्याससंस्थागत गर्न र स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले गाउँपालिकाको स्थापनाभएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने हरेक कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीयसरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरीनागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यसगाउँपालिकाको ५ वडा रहेकोमा ६३९.०१ वर्ग किलोमिटर क्षेत्रफल र ६ हजार ५७६ जनसंख्यारहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो। यस कार्यालयको आर्थिक वर्ष २०८१/८२ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८१/८२ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ। स्थलगत लेखापरीक्षणको अवधि २०८२।५।२७ देखि २०८२।५।३१ सम्म रहेको छ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ। आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन्। सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन।

(च) आर्थिक कारोबारको स्थिति :- आय तर्फ रू. ३२,२४,९८,८२०.९४ व्ययतर्फ रू. ३२,४४,८०,२५२.९५ गरी जम्मा रू. ६४,६९,७९,०७३.८९ को लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ।

(छ) लेखापरीक्षणमा परीक्षण गरिएका मुख्य विषयहरु :- लेखापरीक्षण योजना अनुसार परीक्षण गरिएका विषयहरु अनुसूची – २ मा संलग्न छ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **एकिकृत वित्तीय बिबरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने, दफा ७६(२) मा महालेखा परीक्षकवाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले महालेखापरीक्षकबाट २०७९।८।२० मा स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ। पालिकाले उपलब्ध गराएको स्थानीय सरकारको कोष प्राप्ति र भुक्तानीको स्वीकृती वार्षीक प्रतिवेदन (म.ले.प.फा.न. २७०) सम्वन्धमा निम्नानुसार देखिएको छ।

सि. नं	आयतर्फ			सि. नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	गत **वर्षको जिम्मेवारी**		४१२५२६९६.०६	१	चालु **खर्च**		२०५८०९७१०
	ग. ४ . १स्थानीय तह संचित कोष खाता	३००७७९४९.३३		२	पूँजीगत **खर्च**		५००८३४९३
	ग. ३ . १ धरौटी खाता	१७९२२६६		३	विभिन्न **कोषतर्फको खर्च**		१२९५९११०.९५
	ग. २ . ३ विविध खर्च खाता	७८४४२६९.७३			ग. २ . १ विविध खर्च खाता	१०५०४७८७.९५	
	ग. ७ . २ प्रकोप व्यावस्थापन कोष	१०६७०४१			ग. ७ . २ प्रकोप व्यावस्थापन कोष	२४५४३२३	
	ग. ६ . १ स्थानीय तह विभाज्य कोष खाता	४७११७०			ग. ३ . १ धरौटी खाता		
२	आन्तरिक **आय**		१७८२४३१.९३	४	अनुदान **फिर्ता**		८५०५७१०
३	राजस्व **बाँडफाँड**		७५२१९३०५.८६		क) संघीय सरकार तर्फ फिर्ता	७७१६२३४	
	क) संघीय राजस्व बाँडफाँड	६६८०३६१३.०३			ख) प्रदेश सरकार तर्फ फिर्ता	७८९४७६	
	ख) प्रदेश राजस्व बाँडफाँड	७७८५६९३.८३		५	मौज्दात		३९२७१२६४.५२
	ग) स्थानीय राजश्व बाँडफाँड	६२९९९९			ग. २ . १ विविध खर्च खाता	४२०३७९७.५६	
४	वित्तिय **हस्तान्तरण संघ**		१७४२५५९२०		ग. ७ . २ प्रकोप व्यावस्थापन कोष	२११२७१८	
	क) वित्तिय समानीकरण अनुदान	६३४९७९२०			ग. ३ . १ धरौटी खाता	२३२७८१०	
	ख) सशर्त अनुदान	११०७५८०००			ग. ६ . १ स्थानीय तह विभाज्य कोष खाता	४७११७०	
५	प्रदेश **सरकारबाट प्राप्त अनुदान**		१२९५००००		ग. ४ . १ स्थानीय तह संचित कोष खाता	३०१५५७६८.९६	
	क) वित्तिय समानीकरण अनुदान	३८९७०००		६	अन्तर **स्थानीय तहबाट प्राप्तखर्च**		४७१२२२२९
	ख) सशर्त अनुदान	९०५३०००			क) सामाजिक	३७७४६८६९	

					सुरक्षा		
	ग) समपुरक				ख) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	९३७५३६०	
६	अन्तर **सरकारबाट प्राप्त**		४७१२२२२९				
	क) सामाजिक सुरक्षा	३७७४६८६९					
	ख) एकिकृत स्वस्थ्य पूर्वाधार विकास कार्यक्रम	९३७५३६०					
७	विभिन्न **कोषतर्फको आय**		१०८९९८५९.७८				
	ग. २ . १ विविध खर्च खाता	६८६४३१५.७८					
	ग. ७ . २ प्रकोप व्यावस्थापन कोष	३५०००००					
	ग. ३ . १ धरौटी खाता	५३५५४४					
८	हिसाव मिलान हुनु बाँकी		२६९०७४.८४				
	जम्मा		३६३७५१५१७.४७			जम्मा	३६३७५१५१७.४७
पालिकाको एकिकृत आर्थिक बिबरण अनुसार कुल आम्दानी रु . ३६ , ३४ , ८२ , ४४२ . ६३ तथा खर्च तर्फ रु . ३६ , ३७ , ५१ , ५१७ . ४७ देखिन्छ । आम्दानी कम रु . २ , ६९ , ०७४ . ८४ सम्बन्धमा एकिन गरि हिसाव मिलान हुनुपर्दछ ।							

(विस्तृत विवरण बेरूजु दफा २ सँग सम्बन्धित अनुसूचीमा संलग्न छ ।)

३ बजेट पेश, पारित र अख्तियारी

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८१।३।१० मा रु. ३१ करोड २७ लाखको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८१।३।१० मा पारित भएको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८१।३।३१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । उल्लिखित ऐनले तोकेको अवधिभित्रै अख्तियारी दिई आर्थिक वर्ष भित्र सम्पन्न गरि सक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ।

४ क्षेत्रगत बजेट र खर्चको स्थिति

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८१।८२ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहाय अनुसार रहेको देखिन्छ । उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको सामाजिक क्षेत्रमा सबै भन्दा बढी ९१.५७ प्रतिशत पूर्वाधार विकास क्षेत्रमा ६६.५४ खर्च भएको छ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत
१	आर्थिक विकास	१९८६००००	१३८३९१६९	६९.६८
२	सामाजिक क्षेत्र	१३३८४३७१६	१२२५५६०२०	९१.५७
३	पूर्वाधार विकास क्षेत्र	५९७८०४४३	३९७७७८२९	६६.५४
४	सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र	१७०१६०००	१२०१९१२५	७०.६३
५	कार्यसञ्चालन तथा प्रशासनिक खर्च	८२२५००९५.८६	६७७०१०६०	८२.३१
	जम्मा	३१२७५०२५४.८६	२५५८९३२०३	८१.८२

५ वित्तीय विवरणको यथार्थता

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्छ । पालिकाले निम्न शिर्षकहरु सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरण समेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ।

सि.न.	**शिर्षक**	**बजेट**	**खर्च**
१	सामाजिक सुरक्षा	३७७४६८६९	३७७४६८६९
२	स्थानीय तह प्रशासकीय भवन पुर्वाधार विकास कार्यक्रम	९३७५३६०	९३७५३६०
	जम्मा	४७१२२२२९	४७१२२२२९

६ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ७ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ।

७ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण वनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ।पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ।

क्र.स.	बजेट शिर्षक उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				
			प्रथम	दोस्रो	तेस्रो	चौथो	आषाढ महिना
१	पूँजीगत खर्च	५००८३४९३	००	२४५९०६८	७१२१४३०	४०५०२९९५	२०९०९८८५
	खर्च प्रतिशत	१००	००	४.९१	१४.२२	८०.८७	४१.७५

पालिकाले उपलब्ध गराएको विवरण अनुसार पूँजीगत वार्षिक रु. ५,००,८३,४९३ खर्च भएकोमा प्रथम त्रैमासिकमा खर्च नभई (सून्य प्रतिशत) दोस्रो त्रैमासिकमा रु. २४,५९,०६८ (४.९१प्रतिशत) र तेस्रो त्रैमासिकमा रु. ७१,२१,४३० (१४.२२प्रतिशत) खर्च गरेको देखिएको छ । यसरी नै चौथो त्रैमासिकमा रु. ४,०५,०२,९९५ (८०.८७ प्रतिशत) र आषाढमा महिनामा रु. २,०९,०९,८८५ (४१.७५ प्रतिशत) मात्र खर्च देखिनुले चौथो त्रैमासिक र आषाढ महिनामा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

८ **खर्च बिश्लेषण**

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु. १७,८२,४३१.९३ राजस्व बाँडफाँड र अनुदानबाट रु. ७,५२,१९,३०५.८६ समेत रु.२५५७०१९४७ आम्दानी भएकोमा चालु तर्फ रु. २०,५८,०९,७१० र पूँजिगत तर्फ रु. ५,००,८३,४९३ समेत रु. २५,५८,९३,२०३ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.६९ प्रतिशत रहेको छ । यस वर्ष पदाधिकारी सुबिधामा रु. ४५,०७,५०० खर्च भएको छ जुन आन्तरिक आयको ३९.५४ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८० प्रतिशत चालु र २० प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ।

९ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्यस्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ।पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नुपर्दछ ।

१० **योजना प्राथमिकीकरण**

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ। स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८१।८२ मा निम्नअनुसार ५ वडाको लागि वडागत र पालिकास्तरका कुल ८८ योजनामा वजेट विनियोजन गरेको छ।

क्र.स.	कार्यक्रमको नाम	योजना संख्या	रू.२० लाख माथिका योजना संख्या	रू. ५ लाख देखि २० लाख सम्मका योजना संख्या	रू. ५ लाख भन्दाका कमका योजना संख्या
१	पालिका स्तरीय	५३	१०	२५	१८
२	वडा स्तरीय	३५	००	७	२८
जम्मा		८८	१०	३२	४६

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभाविन हुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न

उठ्ने गरेको छ। त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये ७८ योजना मात्र कार्यान्वयन भई १० वटा योजना कार्यान्वयन हुन सकेको देखिएन। तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ।

११ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाख भन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ। यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. ५,००,८३,४९३ पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरु योजना नबनाई खरिद कार्य गरेको देखियो । अतःपालिकाले उक्त नियमावली बमोजिम व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ।

१२ **बिभाज्य कोष खाता**

कोशी प्रदेशको आर्थिक ऐन २०७९ को दफा २ अनुसूची १ बमोजिम संकलन गरिने रजिष्ट्रेशन शुल्क लगायतको रकम बाँडफाँड गरी प्रदेश सरकारको नाममा ४० प्रतिशत र स्थानीय तहको नाममा ६० प्रतिशत रकम पठाउनु पर्ने उल्लेख छ । पालिकाले गत बर्षहरुको बालुवा गिट्टि रु. ४,७१,१४७ आम्दानी गरेकोमा प्राप्त आयको ४० प्रतिशतले हुने रकम रु. १,६६,८५८.८ प्रदेश सञ्चित कोष दाखिला गर्नु पर्नेमा उक्त रकम दाखिला गरेको पाईएन । प्रदेश सञ्चित कोष दाखिला गर्नुपर्ने रकम समयमै दाखिला हुनुपर्दछ।

१३ **आन्तरिक नियन्त्रण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गरी तयार गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन । जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथी विश्वस्त हुन सक्ने अवस्था छैन ।यस सम्बन्धमा परीक्षण गर्दा गाँउपालिकाले एक आर्थिक बर्ष भित्र भएको आर्थिक कारोबारको अनुसुची ११ बमोजिमको ढाँचामा बार्षिक प्रतिवेदन तयार नगरेको, अन्तरसरकारी वित्त व्यबस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालिन खर्च संरचना तयार नगरेको, दीगो बिकास लक्ष्य पुरा गर्न वातावरण सँरक्षण लगायत आन्तरिकीकरणको लागि एकिकृत दीर्घकालिन योजना तयार नगरेको, पालिका स्तरको सार्वजनिक खरिद नियमावली तर्जुमा नगरेको, सार्वजनिक खरिद ऐन, २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार नगरेको, गाँउपालिकाले विगतमा परामर्शदाताबाट बिस्तृत परियोजना प्रतिवेदन तयार गरकोमा सोको कार्यान्वयन र अध्यावधिक अभिलेख नराखेको, गाँउपालिकाले आफ्नो क्षेत्रभित्रत्का बिद्यालय गर्न अनुगमन मापदण्ड तयार नगरेको, बिद्यालय अनुगमन मापदण्ड तयार गरी नियमित अनुगमन गर्ने र अनुगमन प्रतिवेदन सार्वजनिक गर्ने व्यबस्था नरहेको, कार्यालयले उदेश्य प्राप्तीमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको, म.ले.प फाराम ८०१ देखि ८०५ सम्मका लेखा परीक्षण तथा बेरुजु व्यबस्थापन सम्बन्धी फारामहरु अभिलेख नराखेको, मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस स्थानीय तहमा समाहित भएका साविक गाँउ विकास समिति तथा व्यक्तिगत नाममा रहेको पेश्की तथा बेरुजु र कोष तथा खातामा बाँकी रहेको रकम गाँउपालिकामा जिम्मेवार सारेको र नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गरेको अभिलेख नराखेको र जिन्सी निरीक्षण गरेता पनि आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९(१) अनुसारको प्रतिवेदन नगरेको लगायतका व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यबस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ।

१४ **एकमुष्ट बजेट**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले समपुरक कोषमा रु. ६०,००,००० बजेटको व्यवस्था गरी देहाय बमोजिम रु. २१,७७,४४८ खर्च गरेको छ ।

बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा खर्च गर्नुपर्दछ । यसरी समपुरक कोषमा रहेको रकमबाट देहाय बमोजिमको खर्च गरेको छ । जुन प्रयोजनको समपुर कोषको व्यवस्था गरिएको सो बमोजिम मात्र खर्च हुनु पर्दछ । यसका केहि उदारहणहरु;

भौ नं. र मिति	खर्चको बिबरण	खर्च रकम रु.
४६।२०८१।१।२४	तुङखालिङ कृषि सडक स्तरोन्नती	६४००००
७८।२०८२।३।२	पालिका भित्रको सिडि ठोका निर्मानिण बापत छिरिङ लामालाई भूक्तानी	२८७६८०
११६।२०८२।३।१२	कार्यपालिकाको निर्णय अनुसार फुर्पु जेन्जेन भोटेलाई भूक्तानी	५०००
११७।२०८२।३।१२	कर संकलन केन्द्र निर्माण कार्य गरेवापत श्री हित कुमार गुरुङलाई भूक्तानी	५१७०७
१२९।२०८२।३।१३	बिबरण नखुल्ने जिवन विश्वकर्मालाई	१७९७४१
१३९।२०८२।३।१६	सवारी साधन खरिदबापत मनराम मोटर्सलाई भूक्तानी	४९७०००
१५२।२०८२।३।२२	कार्यपालिकाको निर्णय बमोजिम श्री धर्चे भोटेलाई शोधभर्ना	३३६३२०
१५४।२०८२।३।२४	होरिजन होटललाई भूक्तानी	१८००००
	जम्मा	२१७७४४८

१५ जिन्सी दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS) मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट प्राप्त भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

१६ सवारी साधन खरिद

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा अन्य अनुदानको रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत तोकिएको कार्यमा खर्च गर्ने र सवारी साधन खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यस वर्ष देहाय बमोजिमका सामानहरु खरिद गरेको छ । सवारी साधन खरिदमा उक्त कार्य विधिको पालना हुनुपर्दछ ।

क्र सं.	सवारीको प्रकार	संख्या	खरिद विधि	खरिद गरिएको फर्म	खरिद मूल्य मू.अ.कर समेत
१	मोटर साइकल	१	क्याटलग विधि	श्री गणेश अनन्त ट्रेडर्स खाँदबारी	७६९९००
२	महिन्द्र बोलेरो क्कयाम्पर डि.सि.	१	क्याटलग विधि	मनराम मोटर्स प्रा.लि. खाँदबारी	३१९७०००
जम्मा					३९६६९००

१७ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फस्र्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी, निर्माण व्यबसायी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फस्र्यौट नभई बाँकी रहेको देखिन्छ । प्राप्त पेश्की बाँकीको बिबरण अनुसार निम्नानुसारको म्याद ननाघेको पेश्की रू. २,४०,००० तथा म्याद नाघेको फर्छौट हुनु पर्ने रु. ८,४०,००० उल्लेख छ । नियमानुसार पेश्की फस्र्यौट हुनुपर्दछ ।

सि. नं .	पेश्की लिएको भौ नं. र मिति	पेश्कीको विवरण	पेश्की लिनेको नाम	म्याद ननाघेको	म्याद नाघेको फर्छोट हुनु पर्ने
१	१३/२०८१।१०।२३	पोम्टि भञ्याङ आ.वि भवन निर्माण	पोष्टि भञ्याङ आ.वि भवन निर्माण उप भोक्ता समिति	२४००००	
२	३७/२०८१।१०।२३	हुङगुङ सामुदायीक भवन निर्माण योजना वडा नं ३	हुङगुङ सामुदायीक भवन निर्माण योजना वडा नं ३ उपभोक्ता समिति		८४००००
				पेश्की	८,४०,०००

१८ **तलवी प्रतिवेदन**

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ४६ को उपदफा ४ अनुसार प्रदेश किताबखाना गठन नहुँदा सम्म प्रचलित कानून बमोजिमको निकायबाट तलवी प्रतिवेदन पारित गर्ने उल्लेख छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबारको पत्र संख्या ०७६।७७ च.नं.१८० मिति २०७६।५।१८ को पत्रानुसार स्थानीय तहका र संघबाट काजमा खटिएका कर्मचारीको हकमा सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट पारित गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ६ कर्मचारीको रू. ३६,६२,३५१. र पालिकाका ५ कर्मचारीको रु. ३३,७९,२९८ समेत रु. ७०,४१,६४९ खर्च लेखेको छ । तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ताभुक्तानी गर्नुपर्दछ ।

१९ **कर्मचारी तह बृद्धि**

नेपालको संविधान २०७२ को धारा २२७ मा गाउँपालिका र नगरपालिकाको कर्मचारी र कार्यालय सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुने व्यवस्था छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड संघीय कानून बमोजिम हुने व्यवस्था गरी दफा ८६(२) मा उपदफा (१) को अधिनमा रही स्थानीय स्वाको गठन, संचालन, व्यवस्थापन, सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीयतहले बनाएको कानून बमोजिम हुने व्यवस्था छ । त्यसैगरी सघ प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तर सम्वन्ध) ऐन २०७७ को दफा ४(२) मा प्रदेशले आफ्नो एकल वा साझा अधिकारको विषयमा कुनै कानून बनाउदा संघिय कानूनसँग बाझिन नहुने गरि बनाउनुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय सरकारी सेवा (गठन तथा संचालन ऐन,२०८० को आधारमा ३ जनाको तह बृद्धि गरेको छ । तर संघिय कानून हाल सम्म निर्माण भई लागु भएको छैन।

२० **जिन्सी निरीक्षण**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन । जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलाम बिक्रि लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ।

२१ **बरबुझारथ**

आर्थिक कार्याविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम १०३ मा कुनै कर्मचारी सरुवा, बढूवा वा अवकाश भई आफु कार्यरत कार्यालय छाडी जाँदा आफ्नो जिम्मामा रहेको नगद, जिन्सी, मालसामान हालवालालाई वा हालवाला नभए कार्यालय प्रमुखले तोकेको कर्मचारिलाई बरबुझारथ गर्नुपर्ने र नियम १०४ मा बरबुझारथ गर्ने कर्मचारीलाई साविक कार्यालयबाट अनुसूची-१८ वमोजिमको ढाँचामा बरबुझारथ प्रमाणपत्र दिनुपर्ने व्यवस्था छ । जिन्सी शाखा प्रमुखले कुनै पनि पदाधिकारीलाई सरकारी कामको सिलसिलामा प्रयोग गर्ने गरी दिएको जिन्सी मालसामान व्यक्तिगत सहायक खातामा बुझेको हस्ताक्षर गराई जिन्सी अभिलेख व्यवस्थित गराउनुपर्दछ । पालिकाबाट विवरण अनुसार देहायका व्यक्ति तथा पदाधिकारीले बुझिलिएको जिन्सी सामानहरु पालिकामा बुझाएको पाइएन ।

सि.नं	बुझिलिनेको पद नाम		सामानको नाम	स्पेसिफिकेशन	अनुमानित मूल्य
	पद	नाम			
१	भू.पु वडाध्यक्ष वडा नं. ३	आन्दी भोटे	ल्यापटप	Dell core 17	१२००००
२	भू.पु वडाध्यक्ष वडा नं. २	छिरिङ छेदर भोटे	ल्यापटप	Dell core 17	१२००००
३	सव ईन्जिनियर	छिरिङ भोटे	ल्यापटप	Dell core 17	१२००००
४	असिस्टेन्ट सव इन्जिनियर	इश्वर सुनुवार	ल्यापटप	Dell core 17	१२००००

२२ **कर्मचारी प्रोत्साहन भत्ता**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८६(१) बमोजिम स्थानीय सेवा गठन, सञ्चालन व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धी आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम स्थानीय सेवाको गठन, सञ्चालन तथा व्यवस्थापन सेवाको शर्त तथा सुविधा सम्बन्धी अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । पालिकाले कानुन तथा कार्यविधि बनाई कर्मचारी प्रोत्साहन तथा पुरस्कार शिर्षक बाट रु. १७,९४,००० प्रोत्साहन भत्तामा खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. १७,८२,४३१.९३ रहेकोमा उक्त खर्च आन्तरिक आय भन्दा रु. ११५६८.०७ बढी कर्मचारी प्रोत्साहनमा खर्च भएको छ । आन्तरिक आयलाई समेत विचार नगरि यसरी प्रोत्साहन भत्तामा भएको खर्च नियमसम्मत देखिएन।

अनियमित भएको	१७,९४,०००

२३ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु. ३,७२,०९,२०१.०३ मौज्दात रहेकोमा यो वर्ष रु. ४,१२,५२,६९६.०६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.४०,४३,४९५.०३ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

२४ **बैङ्क हिसाब विवरण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिसमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम बैँक खाता र श्रेस्ताको कारोबारको फरकलाई पुष्टी गर्ने बैँक हिसाब मिलान बिवरण(म.ले.प.फा.न.२१२) फरक देखिएन । पालिकाले देहाय बमोजिम श्रेस्ता अनुसार आषाढ मसान्तको बैँक मौज्दात रु. ३,८९,२९,४९७.५२ देखिएकोमा सो अवधिमा बैँक अनुसार बैँक मौज्दात रु. ३,९२,७१,२६४.५२ देखिएको छ । श्रेस्ता भन्दा बैंकमा रु. ३,४१,७६७ बढी देखिएको रकम हिसाव मिलान हुनु पर्दछ ।

बैँकको नाम	**खाता नं.**	**खाताको प्रकार**	**स्रेस्ताअनुसार बाँकी रु.**	**बैँक अनुसार बाँकी रु.**
ग्लोवल आई एम इ बैँक लि.	१५००४०१००००००१८	ग.२.७ विविध खर्च खाता	४२०३७९७.५६	४२०३७९७.५६
ग्लोवल आई एम इ बैँक लि.	१५००४०१००००००४	ग.३.१ स्थानीय तह धरौटी खाता	२३२७८१०	२३२७८१०
ग्लोवल आई एम इ बैँक लि.	१५००४०१००००००१	ग.२.७ स्थानीय तह संचित कोष खाता	२९८१४००१.९६	३०१५५७६८.९६
ग्लोवल आई एम इ बैँक लि.	१५००४०१००००००७	ग.२.७ स्थानीय तह विभाज्य कोष खाता	४७११७०	४७११७०
ग्लोवल आई एम इ बैँक लि.	१५००४०१००००००६	ग.२.७ स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	२११२७१८	२११२७१८
		जम्मा	३८९२९४९७.५२	३९२७१२६४.५२

२५ **वडाको राजस्व अशुली**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिका निम्नानुसारका वडाहरुको वित्तीय प्रतिवेदनबाट परिक्षण गर्दा रु. १,१७,६३० कम असुली भएको पाइयो । अत: कम असुल भएको राजस्व सङ्घीय सञ्चित कोषमा दाखिला हुनुपर्दछ।

सि नं.	राजस्व संकलन गर्ने निकाय	अशुली	दाखिला	दाखिला गर्न बाँकी
१	२ नं. वडा कार्यालय	१८३००	१५०००	३३००
२	३ नं. वडा कार्यालय	११३३५८	१०५६७८	७६८०
३	४ नं. वडा कार्यालय	२११५३०	१०४८८०	१०६६५०
			जम्मा	**११७६३०**

असुल गर्नुपर्ने	१,१७,६३०

२६ सेवा प्रवाह

कार्यालयको मूख्य उदेश्य हासिल गर्न सेवाग्रहीलाई सरल, सहज र समयमै प्रभावकारी सेवा उपलब्ध गराउनु हो । पालिकाले यस बर्ष आर्थिक, सामाजिक र पुर्वाधार विकासका अतिरिक्त नियमित सेवातर्फ निम्न सेवा प्रवाह गरेको विवरण पेश गरेको छ । पालिकाबाट प्रवाह हुने सेवालाई अझै सरल, सहज, मितव्ययी, गुणस्तरी र प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

सि.नं.	विवरण	सिफारिस संख्या (सेवा प्राप्ती)	सिफारिस संख्या (सेवा प्राप्ती)
१	सम्बन्ध विच्छेद	२	२
२	जन्म दर्ता	३१८	३१८
३	मृत्यु दर्ता	८९	८९
४	बिबाह दर्ता	६३	६३
५	बसाई सराई आएको	१	१
६	बसाई सराई गएको	११	११
	जम्मा	**४८४**	**४८४**

२७ आन्तरिक आय

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ। पालिकाले आर्थिक वर्ष २०८१।८२ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

केन्द्रीय अनुदानबाट खर्च	**आन्तरिक आय**	**आन्तरिक आय प्रतिशत**
२५५८९३२०३	१७८२४३१	०.६९

२८ कर तथा शुल्क असुली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । अनुमान र अशुलीको स्थिति निम्नानुसार रहेको देखिन्छ।

क्र.सं.	राजस्व संकेत	आम्दानी शीर्षक	अनुमान	प्राप्ती
१	११३१४	भुमिकर/मालपोत	०.००	४१११७८.४३
२	११३१७	वहाल कर	०.००	१८३८२२.५०
३	११४७९	अन्य मनोरञ्जन कर	०.००	१२००
४	११६११	व्यवसायले भुक्तानी गर्ने	०.००	०.००
५	११६९१	अन्य कर	०.००	३११०९१
६	१४२२४	परीक्षा शुल्क	०.००	५०००
७	१४२२९	अन्य प्रशासनिक सेवा शुल्क	०.००	१२०००
८	१४२४३	सिफारिश दस्तुर	०.००	२३९०५०
९	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	०.००	९२५००
१०	१४२४९	अन्य दस्तुर	०.००	७००
११	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०.००	४७४००
१२	१४५२९	अन्य राजस्व	०.००	२११६१३
१३	१४६११	व्यवसाय कर	०.००	१२७४००
१४	१५१११२	निकासा फिर्ता	०.००	१३९४७७
जम्मा			०.००	१७८२४३१.९३

२९ **आय ठेक्का**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६२ (क) बमोजिम गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव मूल्याङ्कन तथा प्रारम्भिक वातावरणीय परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थको बिक्रि गर्नसक्ने व्यबस्था छ। पालिका क्षेत्रभित्र रहेको विभिन्न योजनाका कार्य सञ्चालन गर्न र पालिकाले उपभोक्ता समिति तथा विभिन्न माध्यमबाट सञ्चालन गर्ने योजनाहरुमा पालिका क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य वस्तुको प्रयोग भएको छ । अतः पालिकाले आफ्नो क्षेत्र भित्रका ढुँगा, गिट्टी, बालुवा एबम् माटोजन्य पदार्थमा प्रदेश तथा स्थानीय कानून बमोजिम कर लगाई आम्दानी बढाउने तथा उपलव्ध सामग्रीको अव्यवस्थित उत्खनन, सङ्कलन तथा उपयोग स्थितिलाई व्यवस्थित बनाउने तर्फ ध्यान दिनुपर्दछ।

३० **जिन्सी सामानको मूल्य निर्धारण**

आर्थिक कार्यविधि तथा उत्तरदायीत्व नियमावली २०७७ को नियम १०० अनुसार जिन्सी मालसामानको परीमाण र मूल्य खुलाई जिन्सी मालसामानको स्रेस्ता महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा राख्नुपर्ने व्यवस्था छ । खर्च भएर जाने र खर्च भएर नजाने छुट्टाछुट्टै मालसामानको प्रकृति अनुसार दाखिला गर्नुपर्छ ।कानुन अनुसार मूल्य निर्धारण समिति गठन गरेर मूल्य निर्धारण गर्नुपर्नेमा पूर्ण रुपमा रु.१ मूल्य निर्धारण गरी इन्ट्री गरेको देखिन्छ । जिन्सी किताबमा मूल्य रु.१ राखी इन्ट्री गरेका सम्पूर्ण मालसामानको वास्तविक मूल्य निर्धारण गरी खर्च भएर नजाने जिन्सी खातामा अद्यावधिक गर्नु पर्ने भनि गत विगतको लेखापरीक्षणमा समेत औल्याएकोमा उक्त व्यहोरामा सुधार भएको पाईएन।

३१ **कानून र सञ्चालन स्थिति**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्य विधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जस अनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ७ वटा ऐन, २ वटा नियमावली, २० कार्यविधि, २ निर्देशिका समेत गरि ३१ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनुपर्दछ। पालिकाले आवश्यक कानुनहरु निर्माण गरी सभा र कार्यपालिकाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

३२ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिना भित्र टुङ्गो लगाउने व्यवस्था छ । प्राप्त विवरण अनुसार गत वर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी १ र यो वर्ष ७ गरि जम्मा ८ मुद्दा तथा विवाद दर्ता भएकोमा ३ वटा फर्स्यौट भई ५ बाँकी रहेको देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनु पर्दछ।

३३ सहकारी नियमन

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र १ वटा सहकारी संस्था रहेका छन् । पालिका भित्रका सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) बाट विवरण दाखिला गरेको पाइएन । त्यसैगरी पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदन समेत लेखापरीक्षणका क्रममा पेश भएन । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन । तसर्थ ऐन, नियमावली र निर्देशिका अनुसार प्रणालीमा विवरण दाखिला गर्न लगाई सोको प्रभावकारी अनुगमन गर्नु पर्दछ ।

३४ वार्षिक प्रगति प्रतिबेदन

नगरपालिकाले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ अनुसार त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा यस बर्ष संचालन गरेका स्थानीय तथा केन्द्रीय स्तरका योजनाहरुको तोकिएको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनुपर्दछ ।

३५ सवारी साधन मर्मत

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १३ (५) मा सार्वजनिक निकायले कुनै मालसामान मर्मत सम्भारको लागत अनुमान तयार गर्न त्यस्तो निकायमा त्यस सम्बन्धी विशेषज्ञ वा दक्ष कर्मचारी भए त्यस्तो कर्मचारीबाट र त्यस्तो कर्मचारी नभए त्यस्तो काम गर्ने व्यक्ति, कम्पनी वा संस्थाबाट लागत अनुमान तयार गराउनुपर्ने तथा नियम ९६ मा मालसामान मर्मत गर्न नयां सामान खरिद गरेकोमा पुराना पाटपुर्जा उपकरणको प्रतिस्थापन गरिएको कुरा सम्बन्धित प्राविधिकबाट प्रमाणित गराई पुराना सामान जिन्सी दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सवारी साधन मर्मत शीर्षकमा रू. ९ लाख ९४ हजार खर्च गरेकोमा मर्मत संभार गर्दा सम्बन्धित प्राविधिकबाट मर्मतको लागत अनुमान नबनाई अधिकांश सवारी साधनको मर्मत गर्ने गरेको पाइयो । यसरी मर्मत कार्य गर्दा वास्तविक मर्मत कार्य गर्नुपर्ने यकिन नहुने हुँदा सवारी साधन मर्मत गर्दा नियमको पालना गरी सम्बन्धित प्राविधिकबाट लागत अनुमान तयार गरी मितव्ययी तरिकाले गर्नुपर्दछ।

३६ आन्तरिक लेखापरीक्षण

स्थानीय तह सञ्चालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको आधारमा प्रत्येक त्रैमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर पालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।

३७ **बेरुजु लगत**

प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ को दफा ३९ मा जिम्मेवार व्यक्तिले लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा औल्याइएका नियमित गर्नुपर्ने तथा असुल उपर गर्नुपर्ने वा तर्नु बुझाउनुपर्ने भनी ठहर्याइएको बेरुजुको लगत कार्यालय स्तरमा राख्नुपर्ने उल्लेख छ । कार्यालयले उपरोक्त व्यवस्था बमोजिम बेरुजुको लगत राखेको देखिएन । बेरुजुको लगत तथा सम्परीक्षणको अभिलेख अद्यावधिक नहुँदा कार्यालयको बेरुजु तथा सम्परीक्षणको तुलनात्मक अध्ययन विश्लेषण गर्न सकिएन । ऐनको व्यवस्था बमोजिम बेरुजु अभिलेख अद्यावधिक राख्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ ।

३८ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था रहेकोमा सो बमोजिमको कार्य भएको पाइएन । तोकिएबमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नुपर्दछ।

३९ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ।

४० **मर्मत संभार कोष**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (३) मा सम्पन्न निर्माण कार्यको सञ्चालन वा मर्मत सम्भार उपभोक्ता समिति वा लाभग्राही समुदायले गर्नुपर्ने, सोही नियमावलीको उपनियम (१५) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले सम्पन्न आयोजनाको सेवा उपयोग गरे वापत उपभोक्ताले तिर्नुपर्ने सेवा शुल्क तोकी शुल्क जम्मा गर्ने कुनै कोष खडा गरी सोही कोषबाट त्यस्तो निर्माण कार्य सञ्चालन तथा मर्मत सम्भार गर्नुपर्ने व्यवस्था छ । विभिन्न योजना सञ्चालन गर्न सम्बन्धित उपभोक्ता समितिसँग गरेको सम्झौतामा मर्मत सम्भारको जिम्मा सम्बन्धित उपभोक्ता समितिले लिनुपर्ने उल्लेख भए तापनि सम्पन्न आयोजना मर्मत सम्भारका लागि कतिपय उपभोक्ता समितिहरुले मर्मत सम्भार कोषको व्यवस्था गरेको पाइएन । अतः निर्मित आयोजनाहरुको सु-सञ्चालन तथा दिगोपनाको लागि मर्मत सम्भार कोषको व्यवस्था गरिनुपर्दछ ।

४१ **कर्मचारी करार**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । पालिकाले पेश गरेको करारका कर्मचारीको बिबरण अनुसार उल्लेखित पदहरुमा बाहेकका बिभिन्न ६० कर्मचारीहरु करारमा नियुक्त गरि रु. २,०७,८९,७०९ भुक्तानी गरेको मध्ये देहायका कर्मचारीहरु दरबन्दी बिना नियुक्ति गरी रु, १०,४१,९३० खर्च गरेको पाईयो । ऐनको व्यवस्था विपरीत दरबन्दि वेगरका कर्मचारी करारमा नियुक्त गरी भुक्तानी गर्ने कार्य नियमसम्मत देखिएन।

सि.नं.	पद	तह	सेवा	करार पदपुर्ति	मासिक रु.	बार्षिक
१	अमिन	४	इन्जिनियर	१	२८६१०	३८१९३०
२	स्वकीय सचिव	४	प्रशासन	१	२६०००	३४८०००
३	लघु जलविद्युत अपरेटर	४	विविध	२	१२०००	३१२०००
				४	जम्मा	१०४१९३०

अनियमित भएको	१०,४१,९३०

४२ **मसलन्द तथा कार्यालय सामग्री खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६ र नियमावली २०६४ को नियम (७), (८) र १६ अनुसार गठन गरी रु.१० लाख भन्दा माथि खरिद गर्न पर्ने भएमा वार्षिक खरिद योजना स्वीकृत गराउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष मसलन्द तथा कार्यालय सामग्रीमा रू. ३२ लाख १६ हजारको खरिद गरेको छ । पालिकामा खरिद इकाई गठन नभएको तथा खरिद योजना तयार नगरी पटक पटक टुक्रा पारी खरिद गरेको पाइयो । आगामी वर्षमा नियमको पालना गरी खरिद कार्यलाई व्यवस्थित गर्नुपर्दछ ।

४३ **इन्धन खर्च**

प्रदेश नं. १ सार्वजनकि खर्चको मापदण्ड कार्यविधि र मितव्ययीता सम्बन्धी निर्देशिका, २०७५ मा सवारी साधनको किसिम, इन्धन खर्च र मर्मत खर्चमा एकरुपता ल्याउन निश्चित मापदण्ड बनाई प्रयोगमा ल्याउनुपर्ने व्यवस्था छ । कार्यालयले यस वर्ष इन्धन कार्यालय प्रयोजनको लागि मा रू. ५,९९,८५८ खर्च गरेको छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार कार्यालयमा, साना सवारी साधनमा महेन्द्र स्कारपियो १ तथा महेन्द्र क्याम्पर १ र ११ मोटर साइकल रहेको बिबरण प्राप्त भएको छ । पदाधिकारी तथा कर्मचारीलाई मासिक रुपमा दिने इन्धनको मापदण्ड तयार गरेको छैन भने साधन अनुसार वार्षिक इन्धन खर्च र उपयोगको विवरण खुल्ने अभिलेख समेत राखेको पाइएन । इन्धन खर्चलाई मितव्ययी बनाउन इन्धन खर्चको मापदण्ड बनाउने, लग बुक राख्ने र इन्धन प्रयोगको व्यवस्थित अभिलेख राखि इन्धन खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

४४ **भ्रमण खर्च**

प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा भ्रमण गरेको उल्लेख गरी कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी भएको छ ।यस सम्बन्धमा अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित नभएको, नियमानुसार भ्रमण अभिलेख खाता नरहेको, भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको, पालिका वा कार्यालयसँग असम्बन्धित भ्रमण खर्चमा रु. रु. १५,९९,७०१ र अनुगमन तथा मूल्यांकन खर्च रु. ११,६६,४३० गरि जम्मा रु. २७,६६,१३१ भूक्तानी भएको छ । कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ।

४५ **आर्थिक सहायता**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (१) मा गाउँपालिका तथा नगरपालिले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन सक्ने र उपदफा २ मा ऐनको अधिनमा रही कार्यपालिकाले आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाउन सक्ने व्यवस्था छ । साथै कोशी प्रदेशको सार्वजनिक खर्चको मितव्ययीता निर्देशिका २०७९ को बुँदा नं. १५(८) अनुसार आर्थिक मामिला तथा योजना मन्त्रालयको सहमति बिना कुनै आर्थिक सहायता, राहत, क्षतिपूर्ति वा अनुदान वितरण गर्न नपाउने व्यवस्था रहेको छ । पालिकाले यस बर्ष आर्थिक सहायतामा रु. २,९९,९५० खर्च गरेको छ । यस्ता खर्चमा मितव्ययिता अपनाउनु पर्दछ।

४६ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा मात्र विविध खर्च गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धी मापदण्ड,२०७८ को दफा १२ अनुसार विदेशी अतिथी तथा पाहुनाहरुको लागि बाहेक सरकारी खर्चबाट भोज भतेर गर्न नपाइने उल्लेख छ । पालिकाले कुनै उपस्थिति तथा आधार प्रमाण बेगर सभा सञ्चालन तथा विभिन्न समयमा भएको बैठक र अतिथि सत्कारमा सादा तथा मासु खाना, चिया, नास्ता, जुस, पानी समेतम रु. १,४४,८१,९३५ खचे भएको छ । पालिकाको आन्तरिक आय रु. १७,८२,४३१ रहेको अवस्थामा यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ।

४७ **घरभाडा**

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९४ (११) अनुसार सार्वजनिक निकायले काठमाण्डौ उपत्यका बाहिर पाँच लाख रुपैयाँसम्मको घरजग्गा भाडामा लिनुपरेमा उपनियम १ बमोजिमको सूचना अनुसार प्राप्त प्रस्ताव मध्ये उपयुक्त प्रस्तावमा घरधनीसँग सोझै बार्ता गरी घरजग्गा भाडामा लिनसक्ने उल्लेख छ । सार्वजनिक खर्च मितव्ययीता सम्वन्धि मापदण्ड २०७८ को बुदा नं.१६(५) अनुसार सरकारी कार्यालयले घर वहालमा लिँदा सम्भव भएसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा नपर्ने गरी उपलव्ध गराउनुपर्दछ । यस नियमावली अनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडाको आधार तथा सूचना प्रकाशनको माध्यमबाट उपयुक्त घर छनौट नगरी ९ स्थानमा भवन भाडामा लिएर सिधै घरधनीसँग सम्झौता गरी घरभाडा वापत रु. १०,००,००० भुक्तानी गरिएको छ। सरकारी कार्यालयले घर वहालमा लिँदा सम्भव भएसम्म व्यापारिक क्षेत्र र प्रमुख मार्गमा नपर्ने गरी नियम अनुसार गठन भएको घरजग्गा भाडा निर्धारण समितिले निर्धारण गरेको भाडा वा सूचना अनुसार प्राप्त प्रस्तावमध्ये उपयुक्त प्रस्तावमा घरधनीसँग सोझै बार्ता गरी घरजग्गा भाडामा लिनुपर्दछ।

४८ सफ्टवेयर खरिद र परिचालन

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ अनुसार सार्वजनिक निकायले कुनै खरिद कार्य गर्दा आवश्यकताको पहिचान, खरिद विवरण, परिणाम र क्षेत्र यकिन गरी लागत अनुमान तयार गरेर खरिद गर्नु पर्ने व्यवस्था छ । पालिकाबाट प्राप्त विवरण अनुसार परिक्षा व्यवस्थापन सफ्टवेयर यस वर्ष विद्यालय निकासा सफ्टवेयर खरिदमा रु. ७,४२,३११ खर्च लेखेको छ । सोमध्ये विद्यालय निकासा सफ्टवेयर प्रयोगमा ल्याई नसकेको एवं राजस्वसम्बन्धि सफ्टवेयर यो वर्ष आंशिक रुपमा मात्र प्रयोगमा ल्याएको छ । स्थापनाकालदेखि पालिकाले खरिद गरेका सफ्टवेयरको अद्यावधिक विवरण नराखेको कारण सोको यथार्थ अवस्था यकिन हुन सकेन। पालिकाले सफ्टवेयर खरिदको आवश्यकता, लागत अनुमान तयारी र पूर्ण प्रयोग लगायतका विषय विष्लेषण नगरी सफ्टवेयर खरिद कार्य गर्नुका साथै सफ्टवेयर सञ्चालनको स्वीकृति एवं सफ्टवेयर अडिट गरेको छैन।साथै खरिद भएका सफ्टवेयरको प्रयोगमा आन्तरिक जनशक्ति परिचालन भन्दा पनि बाह्य परामर्शदाता माथि निर्भरता रहेको अवस्था छ।तसर्थ यस्ता सफ्टवेयर खरिद एवं प्रयोगको खर्चमा मितव्ययीता ल्याउने र खरिद भएका सफ्टवेयरको नतिजालाई सेवा प्रवाहसँग आवद्ध गराउने व्यबस्था मिलाउनुपर्दछ ।

४९ विपद व्यवस्थापन कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ वमोजिम ऐनको अधिनमा रहेर आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधी र मापदण्ड बनाउन सक्ने, बनाइएको कानून राजपत्रमा प्रकाशन गर्नुपर्ने, कुनै कानून राजपत्रमा प्रकाशन नभएसम्म लागु नहुने कुरा उल्लेख छ । विपद व्यवस्थापन निर्देशिका २०७४ को दफा ६ मा यस निर्देशिकाको अधिनमा रही विपद व्यवस्थापन कार्यविधी बनाउनुपर्ने उल्लेख छ।विपद व्यवस्थापन प्रयोजन खाता खोली राजस्व बाडफाट-संघीय सरकारको बजेट शिर्षकबाट रु. ३५,००,००० कोषमा जम्मा भएकोमा यस वर्ष सडक मर्मत र विद्युतिकरण कार्यमा रु. २४,५४,३२३ खर्च भएको छ । प्रकोप व्यवस्थापन प्रयोजनको लागि कार्यविधि तयार गरेको देखिदैन । कार्यविधी तयार नगरेसम्म कोषको रकम सञ्चालन गरी खर्च गर्न मिल्ने देखिदैन । प्रकोप व्यवस्थापन प्रयोजनको लागि कार्यविधि तयार गरी सोही अनुसार रकम जम्मा गर्ने तथा खर्च गरिनुपर्दछ।

५० भुक्तानी दिन बाँकीको कच्चाबारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १३ अनुसार कोलेनिकाबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ । गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं.२२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था नगरी रु. २९,४६,९६९ भुक्तानी दिएको छ । दायित्व सिर्जना गर्न नमिल्ने शिर्षकमा भएको खर्च तथा बजेटमा नराखी एवं भुक्तानी दिन बाँकीको कच्चाबारी प्रमाणित नगरी खर्च गरेको रकम नियमसम्मत देखिएन।

सि.नं.	भौ. नं. र मिति	व्यहोरा	रकम
१	२।२०८१।५।४	वडा नं.५ को वडा परिषद संचालन बापतको ज्यवु भोटेलाई भूक्तानी	७३०४०
२	२।२०८१।५।४	वडा नं.५ को बिबिध खर्च ज्यावु भोटेलाई भूक्तानी	१५००००
३	४।२०८१।५।४	वडा नं. ५ को कार्यालय सामान खरिद गरेवापत आरोही ट्रेड एण्ड सप्लायर्स	१९१९०८
४	५।२०८१।५।४	विविध खर्च बापतको रकम श्री फुर्पु दोर्चि भेच्याव र रिदर अन्जुर भोटेलाई भूक्तानी	६९१५०
५	६।२०८१।५।५	श्री कृष्ण मा वि गोला प्रङगण तारबेरा योजनालाई छुट भूक्तानी	३६००००
६	७।२०८१।५।५	कृषि कार्यक्रम संचालन गरेवापत वडा सचिव ज्यावु भोटेलाई शोधभर्ना	२०८३३९
७	८।२०८१।५।५	वडा नं.४ मा कार्यालय सामान खरिद गरे बापत विभिन्न फर्महरुलाई भूक्तानी	१५००००
८	९।२०८१।५।५	वडा नं.४ मा भएको विविध खर्च सवारी साधन मर्मत, ईन्धन बापतको रकम वडा सचिव ज्यावु भोटेलाई भूक्तानी	१५००००
९	११।२०८१।५।६	वडा नं.४ मा संचालित सभा परिषद बापतको वडा सचिव ज्यावु भोटेलाई भूक्तानी	१९८६००
१०	३७।२०८१।७।७	गत आ.ब. हेली एभरेष्टलाई भूक्तानी	४५००००
११	४१।२०८१।८।९	बज्राचार्य ईलेक्ट्रोनिक्सलाई भूक्तानी	६२३६१
१२	४५।२०८१।८।१८	आरोही ट्रेड एण्ड सप्लायर्सलाई भूक्तानी	३३६१८६
१३	५२।२०८१।८।२२	आरोही ट्रेड एण्ड सप्लायर्सलाई भूक्तानी	१६०८१४
१४	५९।२०८१।९।८	कर्मचारी प्रोत्साहन तथा पुरस्कारबाट तीन जना कर्मचारी	३८६५७१
		जम्मा	२९४६९६९
		अनियमित भएको	२९,४६,९६९

५१ **स्थानीय भत्ता कट्टी नभएको**

भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ मा सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कमर्चारीले दैनिक भत्ता उपभोग गरेको अवधिभर फिल्ड भत्ता, बैठक भत्ता, तालीम भत्ता, स्थानीय भत्ता वा अन्य कुनैपनि किसिमको भत्ता पाउने छैन भन्ने उल्लेख छ । नमूना परीक्षणको क्रममा पालिकाले तपशिलमा उल्लेखित कर्मचारीहरूलाई दैनिक भ्रमणमा रही भ्रमण खर्च उपभोग गरेको समयमा स्थानीय भत्ता भूक्तानी गरेको पाइयो । नियमावलीको प्रावधान विपरित भुक्तानी भएको यस्तो रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

<table>
<tr><td>क्र.स.</td><td>गो.भौ.न./मिति</td><td>भ्रमण गर्ने पदाधिकारी</td><td>भ्रमण मिति</td><td>भ्रमण गरेको स्थान</td><td>भ्रमण अवधि</td><td>दैनिक स्थानीय भत्ता दर</td><td>जम्मा असुल रकम</td></tr>
<tr><td rowspan="4">१</td><td rowspan="4">१२/२०८१।५।६</td><td rowspan="4">प्र.प्र.अ राजिव अधिकारी</td><td>२०८१।४।२१-४।२७</td><td>विराटनगर</td><td>६.२५</td><td>३९३.६</td><td>२४६०</td></tr>
<tr><td>२०८१।४।३-४।१३</td><td>काठमाडौं</td><td>८.२५</td><td>३९३.६</td><td>३२४७</td></tr>
<tr><td>२०८१।४।३२-५।४</td><td>खाँदबारी</td><td>५.२५</td><td>३९३.६</td><td>२०६६</td></tr>
<tr><td colspan="3"></td><td>जम्मा</td><td>७७७३</td></tr>
<tr><td rowspan="5">२</td><td rowspan="5">२७/२०८१।६।२१</td><td rowspan="5">इञ्जिनियर पवन कार्की</td><td>२०८१।५।१२-५।१८</td><td>हटिया, भोटखोला</td><td>६.२५</td><td>३९३.६</td><td>२४६०</td></tr>
<tr><td>२०८१।४।१९-४।२५</td><td>खाँदबारी</td><td>६.२५</td><td>३९३.६</td><td>२४६०</td></tr>
<tr><td>२०८१।४।३-४।९</td><td>तुंगालिङ्ग, वडा नं५</td><td>६.२५</td><td>३९३.६</td><td>२४६०</td></tr>
<tr><td>२०८१।६।१२-६।१८</td><td>इटहरी, खाँदबारी...</td><td>६.२५</td><td>३९३.६</td><td>२४६०</td></tr>
<tr><td colspan="3"></td><td>जम्मा</td><td>९८४०</td></tr>
<tr><td rowspan="4">३</td><td rowspan="2">१२/२०८१।५।६</td><td rowspan="4">लेखापाल भोलामान राई</td><td>२०८१।४।२८-५।२</td><td>खाँदबारी</td><td>६.२५</td><td>१०२</td><td>६३७.५</td></tr>
<tr><td>२०८१।४।६-४।१२</td><td>इटहरी</td><td>६.२५</td><td>१०२</td><td>६३७.५</td></tr>
<tr><td rowspan="2">४३/२०८१।८।१०</td><td colspan="2" rowspan="2">विभिन्न मिति र स्थानमा भ्रमण गरेको ४ पटको एकमुष्ट</td><td>२४</td><td>१०२</td><td>२४४८</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३७२३</td></tr>
<tr><td>४</td><td>५/२०८२।१।२१</td><td>कृषि अधिकृत राम लामा भोटे</td><td colspan="2">विभिन्न मिति र स्थानमा भ्रमण गरेको एकमुष्ट</td><td>१२.५</td><td>३९३.६</td><td>४९२०</td></tr>
<tr><td>५</td><td>३६१/२०८२।३।२४</td><td>आ.ले.प.अधिकृत दावा भोटे</td><td colspan="2">विभिन्न ३ वटा भ्रमण विलको एकमुष्ट</td><td>१२.७५</td><td>३९३.६</td><td>५०१८</td></tr>
<tr><td></td><td colspan="6">जम्मा</td><td>९९३८</td></tr>
<tr><td></td><td colspan="6">कुल जम्मा</td><td>३१२७४</td></tr>
</table>

असुल गर्नुपर्ने	३१,२७४

५२ **फरक खर्च शीर्षक**

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२(२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेबमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३(७) मा कार्यपालिकाले सभावाट स्विकृत सीमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले निम्नानुसार फरक खर्च शीर्षकबाट भुक्तानी गरेको रकम नियमसम्मत देखिएन।

भौचर नं र मिति	खर्च लेख्नुपर्ने शीर्षक	खर्च लेखेको शीर्षक	रकम
५/२०८२।१।२१पालिका कृषि	वडा स्तरीय माटो परीक्षण सिविर	भ्रमण खर्च	४५०००
६/२०८२।१।२१पालिका कृषि	माटो परीक्षणको लागि आवस्यक सामाग्री खरिद	भ्रमण खर्च	३३५००
१८/२०८२।३।२२पालिका कृषि	अनुगमन मुल्याङ्कन	ल्यापट, पेन ड्राइभ	९९४४०
जम्मा			१७७९४०

अनियमित भएको	१,७७,९४०

५३ **जिन्सी आम्दानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५ मा कार्यालयमा जुनसुकै प्रकारबाट प्राप्त हुन आएको सम्पत्ति तथा जिन्सी मालसामानको विवरण र मूल्य समेत खुलाई ७ दिनभित्र आम्दानी बाँधी सम्पत्ति तथा जिन्सी मालसामानको लगत अद्यावधिक गर्नुपर्ने व्यवस्था छ । पालिकाको खरिद इकाई मार्फत खरिद नभई वडा मार्फत खरिद भएका मालसामान सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) मा लगत अद्यावधिक गरी जिन्सी सहायक खातामा अभिलेख राखी सम्बन्धित वडालाई आवश्यकताका आधारमा माग फाराम भराई हस्तान्तरण गर्नुपर्नेमा सो प्रणालीमा लगत नराखी सोझै प्रयोग गर्नेगरेको पाइयो । पालिकाले वडा नं ५ को लागि खरिद गरिएका तपशिलका खर्च भएर नजाने जिन्सी सामाग्रीको म.ले.प. फाराम नं. ४०८ मा दाखिला गरेको प्रमाण पेश हुनुपर्दछ।

गो.भौ.नं., मिति	विवरण	खर्च रू.(भ्याट बाहेक)
९२/२०८१।१०।१४ सिद्धकाली फर्निचर एण्ड सप्लायर्सबाट बिल नं.०३४, मिति २०८१।१०।६ मा खरिद भएको	स्टील दराज(पाउडर कोड)	२८०००
	स्टील लकर	४८०००
	कार्पेट जुट राम्रो (४० मिटर)	८८०००
	रिभल्भिङ चियर (२ थान)	५६०००
	सोफासेट	३२०००
	बोस चियर हेभ्भी	३२०००
	अफिस टेवल	३००००
	टी टेवल	१८०००
३७४/२०८२।३।२४पालिकाले काठ खरिद गरि पालिका भित्रै निर्माण गरेको	काठको दराज ६ थान	१५८०००
१४२/२०८२।३।१६	प्रिन्टर क्यानन HPLaserjet pro MFP 227	४५०००
१४२/२०८२।३।१६ (पूँजीगत)	डेल डेस्कटप कम्प्युटर dell i3 8/512 gb	७५०००
	जम्मा	६१००००

प्रमाण पेश नगरेको	६,१०,०००

५४ **पुस्तक अभिलेखन तथा प्रकाशन**

१०/२०८१।५।६ गुम्बा, मन्दिर, चर्च, स्तुपा, छोर्तेन र देविथान अभिलेखन र प्रकाशन बापत पालिकाले यस बर्ष खेन्पालुङ अध्ययन अनुसन्धान केन्द्र नेपाललाई रू. ७४२४९३ भुक्तानी गरेको देखियो ।संझौता बमोजिम २०८१।३।५ भित्र उक्त लेखन तथा प्रकाशन

कार्य सम्पन्न गरिसक्नुपर्ने भएता पनि लेखन कार्यलाई थप परिस्कृत गर्नुपर्ने भन्दै २०८१।३।५ मा म्याद थपको लागि निवेदन पेश गरेको र पालिकाले २०८१।५।१५ सम्म म्याद थप गरेको देखिन्छ। संझौतामा उक्त केन्द्रले यस्तो प्रकाशन तथा पुस्तक कुन गुणस्तरको र के कति प्रति पालिकालाई उपलब्ध गराउने भन्ने विषय पनि उल्लेख भएको छैन। लेखापरीक्षणको क्रममा उक्त पुस्तक तथा प्रकाशन पेश हुन सकेन साथै यसको जिन्सी दाखिला पनि नदेखिएकोले उक्त केन्द्रबाट खर्च पुष्टी गर्ने यस्तो पुस्तक प्राप्त गरी जिन्सी दाखिलाको प्रमाण पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	७,४२,४९३

५५ **विल भरपाइ भन्दा बढी भुक्तानी**

३९८/२०८२।३।२५ आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले आ.ले.प. अधिकृत दावा भोटेले सभा सञ्चालनार्थ लिएको पेश्की फस्र्यौटको क्रममा रू. ३,००,००० भुक्तानी गरेको छ । पेश भएको स्रेस्ता अनुसार जनप्रतिनिधिको यातायात खर्च बापत रू. ७६,०००, सवारी साधन नवीकरण बापत रू. ८००० र निजको दैनिक भ्रमण खर्च बापत रू. ९५०० गरी जम्मा रू. ९३,५०० मात्र खर्च भएको देखिन्छ । पुनः प्रमाण तथा कागजात बेगर भौचर नं.३९९/२०८२।३।२५ बाट दैनिक भ्रमण भत्ता बापत रू. ९५०० र भौचर नं. ४००/२०८२।३।२५ बाट सवारी नवीकरण बापत रू. ८००० भुक्तानी भएको छ । यसरी श्रेस्ता तथा प्रमाण कागजात भन्दा बढी भुक्तानी भएको देखिएकोले खर्च पुष्टी गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्दछ।

प्रमाण पेश नगरेको	२,२४,०००

५६ **सक्कल विल विजक पेश नभएको**

२९३/२०८२।३।१२ आर्थिक कार्याविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवाश्यक बिल भरपाइ र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था छ । पालिकाले संचार तथा ईन्टरनेट शुल्क बापत सुविसु केवलनेट लिमिटेडलाई रु. ६७,८०० दरका २ वटा विलको कुल रू.१३५,६०० भुक्तानी गरेकोमा सक्कल विल पेश भएको छैन । यस्तो खर्च पुष्टी गर्ने सक्कल विल विजक पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	१,३५,६००

५७ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकिन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । प्राप्त बिबरण अनुसार पालिकाले देहाय अनुसार कृषिजन्य उपकरण खरिदबापत रु. २४५०००० अनुदान खर्च लेखेको छ । अनुदान वितरणको सम्बन्धमा पालिकाले स्थानीय अनुदान नीति तय गरेको छैन । नीतिगत स्पष्टता नहुँदा एकैखालको अनुदान वितरणमा लागत सहभागिताको विषयमा भिन्नता हुनुका साथै लाभग्राही छनौट र मूल्याङ्कनको आधार समेत स्पष्ट हुनुपर्दछ । साथै पालिकाले वितरण भएको अनुदानको सही सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । तसर्थ पालिकाले खर्चको सार्वजनिकीकरण गरि अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीवनस्तरमा सुधार आएको यकिन गरी रकमको अनुदानको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ।

सि. नं.	कार्यक्रमको नाम	फर्मको नाम र ठेगाना		प्रोपाईटरको नाम	अनुदान रकम
		नाम	ठेगाना		
१	रैथाने बालि प्रवर्द्धन	श्री हिमाली कृषि तथा पशुपालन फर्म	भोटखोला-४ सेम्बुङ	डिमा छेदर भोटे	१०००००
२	रैथाने बालि प्रवर्द्धन	श्री मिलन कृषि आमा समुह	भोटखोला-१ किमाथाङ्का	दटिक भोटे	३०००००
३	रैथाने बालि प्रवर्द्धन	श्री छोलोङ्जेक कृषि तथा पशुपालन फर्म	भोटखोला-२ हुङगुङ	कर्म भोटे	१०००००
४	रैथाने बालि प्रवर्द्धन	श्री लाप्साङ कृषि तथा पशुपालन फर्म	भोटखोला-४ सिम्बुङ	लाप्साङ भोटे	१०००००
५	रैथाने बालि प्रवर्द्धन	श्री प्रभावशाली भोटखोला कृषि तथा पशु पालन फर्म	भोटखोला-२ गुम्बा	थोङमिक लामा	१०००००
६	रैथाने बालि प्रवर्द्धन	श्री बाल कल्याण कृषि आमा समुह	भोटखोला-२ च्याम्ताङ	कर्मा याङजीन भोटे	३०००००
७	रैथाने बालि प्रवर्द्धन	श्री बौद्ध कृषक आमा समुह	भोटखोला-२ हुङगुङ	छिदा भोटे	३०००००
८	रैथाने बालि प्रवर्द्धन	श्री राप्सा कृषि तथा पशुपालन फर्म	भोटखोला-५ तुङखालिङ	राजन राई	१०००००
९	रैथाने बालि प्रवर्द्धन	श्री याङला कृषि तथा पशुपालन फर्म	भोटखोला-४ बरुण	दिचेत खुम्बुवा भोटे	१०००००
१०	रैथाने बालि प्रवर्द्धन	श्री क्षितिज कृषि तथा पशुपालन फर्म	भोटखोला-२ च्याम्ताङ	छेजिक भोटे	१०००००
११	रैथाने बालि प्रवर्द्धन	श्री सिम्बुङ कृषि तथा पशुपालन फर्म	भोटखोला-४ सिम्बुङ	छिरी पासाङ लामा	१०००००
१२	रैथाने बालि प्रवर्द्धन	श्री घिरिमा कृषि तथा पशुपालन फर्म	भोटखोला-४ सिम्बुङ	डिमा रिदर भोटे	१०००००
१३	याक प्रवर्द्धन कार्यक्रम	श्री फुपु लामु कृषि तथा पशु पालन फर्म	भोटखोला-३ हुङगुङ	फुपु लामु भोटे	१५००००
१४	याक प्रवर्द्धन कार्यक्रम	श्री हिमाली अर्गानिक कृषि तथा पशुपन्छी फर्म	भोटखोला-३ हुङगुङ	जम्लीङ भोटे	१५००००
१५	याक प्रवर्द्धन कार्यक्रम	श्री तेन्सुम लगोर डाँडा चौरी पालन फर्म	भोटखोला-३ हुङगुङ	तेन्सुम रिदर भोटे	१५००००
१६	याक प्रवर्द्धन कार्यक्रम	श्री ल्हेस्स च्याङग्रा/चौरी पालन कृषक समूह	भोटखोला-३ हुङगुङ	सोनाम छिरिङ भोटे	२०००००
				जम्मा	२४५००००

५८ नर्म्स विपरित खर्च

६३- २०८२।२।१६ (संघिय शर्सत चालु) अर्थ मन्त्रालय कार्यसंचालन निर्देशिका २०८१ को बुदा १९ को ४ मा तालिम केन्द्र/प्रतिष्ठान बाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारका तालिममा कार्यालयका कर्मचारी स्रोतव्यक्ति/प्रशिक्षक गाँउपालिका स्तरको अधिकृत स्तरको तालिम भएमा कक्षा लिए बापतको रकम नपाउने तर कार्यपत्र वापतको रु. १००० मात्र पाउने र अन्य निकायका स्रोतव्यक्ति भएमा कार्यपत्र वापत रु. १००० र कक्षा लिए वापत रु. ४०० भुक्तानी गर्न सकिने नर्म्समा उल्लेख भएको भन्दा देहाय बमोजिम बढि भुक्तानी भएकोले असुल हुनुपर्दछ।

भौ.नं.	नामपद	विवरण	नर्म्स अनुसार पाउने रकम	भुक्तानी रकम	बढि भुक्तानीकर कटाई
१३५-३।१६	बाह्य प्रशिक्षक दावा साङ्गबु भोटे	पुरुष संजालका सदस्यहरुलाई अभिमुखीकरण तालिम	रु १४०० का दरले ८ कक्षाको ११२००	२००००	७४८०
६३-२।१६	बाह्य प्रशिक्षक प्रज्ञादेवी निरौला	लैङ्गिक हिंसा रोकथाम	रु १४०० का दरले १६ कक्षाको २२४००	४८०००	२१७६०
जम्मा					२९२४०

असुल गर्नुपर्ने	२९,२४०

५९ **दोहोरो भुक्तानी**

६०- २०८२।२।४ (संघिय शर्सत चालु) आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायित्व नियमाबली, २०७७ को नियम ३९ को उपनियम १० अनुसार जिम्मेवार व्यक्तिले सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यबस्था छ।पालिकाले रोजगार कार्यक्रम अन्र्तगत कार्यस्थल सुरक्षा सामाग्री खरिद गरि रु. १,४६,८०६ खर्च लेखेकोमा रोजगार कार्यक्रमको विभिन्न योजनाहरुको लागत अनुमान तयार गर्दा टुल्र्स एण्ड प्रान्ट मा ३ प्रतिशत रकम जोडेको पाइयो । लागत अनुमान टुल्र्स एण्ड प्रान्ट मा ३ प्रतिशत रकम जोडेको अवस्थामf थप सुरक्षा सामाग्री खरिद गर्न मिल्ने नदेखीएकोले उक्त रकम असुल हुनुपर्दछ।

असुल गर्नुपर्ने	१,४६,८०६

६० **अग्रिक कर**

६३- २०८२।२।१६ संघिय शर्सत चालु आयकर ऐन २०५८ को दफा ८८ र ८९ बमोजिम अग्रम कर कट्टी गर्नु पर्ने व्यवस्था छ । लैङ्गिक हिंसा सम्बोधन क्षमता अभिबृद्धि तालिममा प्रतिवेदन तयार गरे वापत रिदार सिरु लामालाई रु ५००० भुक्तानी भएकोमा आयकर ऐन २०५८ अनुसार १५ प्रतिशत कर रु ७५० कट्टी नगरि भुक्तनी भएको रकम असुल गरी राजश्व दाखिला हुनुपर्दछ।

असुल गर्नुपर्ने	७५०

६१ **स्वास्थ्य तर्फ**

स्वास्थ्य तर्फ देखिएका वेहोराहरु देहायबमोजिम छन्

६१.१ **स्वास्थ्य शिविर संचालन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (७) मा कार्यपालिकाले सभावाट स्वीकृत सीमा र शिर्षक वाहिर गई बजेट गर्न नहुने उल्लेख छ । गाउँपालिकाको वडा नं.३ हुङडुङ गाँउको श्री गुवाछेसा आ.वि मा मिति २०८१।८।११ देखि १३ गते सम्म संचालन हुने स्वास्थ्य शिविरको लागि साँग्रीला उर्जा प्रा.लि.को हुजुङखोला जलविद्युत आयोजनाबाट रु. २७,५०,००० प्राप्त भएकोमा मिति २०८१।७।२१ को गाँउ कार्यपालिकाको निर्णय नं. १० अनुसार उक्त शिविरको लागि लाग्ने यातायात, होटलवास, गाँउपालिकाबाट खटिने स्वयम सेवक, स्वास्थ्यकर्मी, जन प्रतिनिधि र अन्य कर्मचारीको होटलवास तथा शिविर व्यवस्थापन गाँउपालिकाको बिबिध चालु खर्च शिर्षकबाट खर्च व्यहोरिने उल्लेख छ । भोटखोला गाँउपालिका र एक एक पाईला फाउन्डेशन थापाथलीसंग विषेशज्ञ स्वास्थ्य शिविर संचालनको लागि द्विपक्षिय सम्झौता अनुसार एक एक पाईला फाउन्डेशनबाट चिकित्सक, सामग्री तथा उपकरण र औषधीको व्यवस्थापन गर्ने र भोटखोला गाँउपालिकाले सामाग्री तथा उपकरणहरु ढुवानी गर्ने सम्झौता भएको छ । सोहि अनुसार शिविरको जम्मा खर्च रु. २५,१३,९८४ भएकोमा भोटखोला यातायात प्रा.लि.लाई रु.१०,२५,२००, आरती होटलको बिल भूक्तानी रु. १३८८५९ र स्वास्थ्य शाखा उप प्रमुख दिचिक भोटेको रु. ५,००,००० पेश्की फछर्यौट गरि बाँकी रु. ८,४९,९२५ सोध भर्ना भूक्तानी दिएको बिल भर्पाई संलग्न छ । यसरी संचालन भएको शिविरमा के कति कस्ता विरामीहरुको स्वास्थ्य उपचार भयो तथा त्यसबाट कतिले लाभ प्राप्त गर्न सके त्यसको अभिलेख नहुदाँ खर्चको उपादेयता एकिन गर्न सकिएन । यसरी गरिएको खर्च र त्यसबाट प्राप्त हुने उपलब्धिको बिश्लेषण गरेर मात्र यस्ता शिविरहरु संचालन गर्नु पर्दछ।

६१.२ **फरक दररेटमा खरिद** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८(२) मा प्रतिस्पर्धा सीमित हुनेगरी टुक्रा गरी खरिद गर्न नहुने र सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१क) मा पच्चीस लाख रुपैया सम्मको औषधिजन्य मालसामान वा नेपालमा उत्पादित मालसामान वा त्यस्तो मालसामानको उत्पादकले राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने उल्लेख छ । पालिकाले यस बर्ष निशुल्क वितरण गरीने औषधि रु. २३,३५,५२४ मा २ पटक गरी खरिद गरेको पाइयो ।दुवै पटक राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा ५ प्रतिशत छुट दिइ फर्मा मेडीको सप्लायर्सबाट रु. ११,५५,९७९ र छुट नलिइ प्रेष्टिज मेडीसेल्सबाट रु. ११,७९,५४५ समेत रु २३,१८,७९८ को औषधि खरिद गरेको पाइयो। ।सुचनामा एस आर ड्रक्सबाट उत्पादित औषधिको मुल्य सुरुमा जारी सुचना भन्दा दोस्रो सुचनामा कम दररेट उल्लेख

भएकोले पाइएकोले सोको मुल्यमा विश्वसनिय रहेको पाइएन । नियमावलीको प्रवधान अनुसार प्याकेज बनाई एकमुष्ट लागत अनुमान तयार गरी खरिद गर्दा बढी प्रतिस्पर्धा भइ न्युन मुल्यमा गुणस्तरीय औषधि प्राप्त हुन सक्ने गरी खरिद प्रकृया अपनाएको पाइएन ।फरक दररेटका केही उदाहरणहरु

औषधिको नाम	फर्मामेडीकोको दर	प्रेष्टिज मेडीसेल्सको दर	फरक दर
Tinidazole 500 tab	६	४.३१	१.६९
Indomethacin 50mg cap	१०	६.९	३.१
C.Doxycycline 100 Mg	६	५.१७	०.८३
T.Ranitidine 150 mg	३	१.३८	१.६२
C.Cloxacillin 500 mg	१०	८.५२	१.४८
Paracetamol 500 mg tab	१	०.८६	०.१४
Rectified sprit	३१०	२५८.६२	५१.३८
Zink glucomate tab 20mg	५	२.५९	२.४१
Folic acid 5mg tab	३.५	२.५९	०.९१
Inj ceftriaxone 1gm/vial	१२०	८३.१	३६.९
Hyoscine butylbromide injection 20mg/ml	४५	३०.१७	१४.८३
Ciprofloxacin Eye/ear Drops 0.3% w/v,5ml	३५	२१.६८	१३.३२

६१.३ **औषधि खरिद** - पालिकाकालाई आवश्यक पर्ने औषधि पालिकाबाट खरिद गर्नुपर्ने र तालुक निकायबाट प्राप्त हुने परिमाण यकिन गरी वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ । आपूर्ति हुने औषधी वा अन्य सामानमा उत्पादन मिति , म्याद सकिने मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र नि:शुल्क वितरणको लागि लगायतका सूचना उल्लेख रहेको हुनुपर्दछ । आपूर्ति भएका औषधिको म्याद सकिने मिति भण्डार दाखिला समयदेखि कम्तीमा १८ महिना बाँकी हुनुपर्ने तथा भण्डारमा दाखिला गर्दा समेत उल्लेखित सबै विवरण खुलाउनुपर्दछ । पालिकालेयसवर्ष फर्मा मेडीको सप्लायर्स र प्रेष्टिज मेडीसेल्स फर्मसँग रु. २३,३५,५२४ को औषधि खरिद गरेको देखिन्छ । आपूर्ति हुने औषधी तथा औषधिजन्य सामाग्रीमा उल्लेखित सूचना पूर्ण रुपमा रहेको छैन भने औषधिको प्रयोग र मौज्दात समेत यकिन भएन । अत: पालिकाले औषधि खरिद, उपयोग र मौज्दातको अवस्था यकिन गरी औषधि खरिदलाई व्यवस्थित बनाउनुपर्दछ।

६१.४ **अभिलेख व्यवस्थापन** - स्वास्थ्य सेवा विभागको प.सं २०८१।०८२,चलानी नं २०७३ मिति २०८२।३।३० गते जारी भएको परिपत्रको आधारमा पालिका अन्तर्गत रहेका स्वास्थ्य शाखाले प्राप्त गरेको औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्ने प्रणाली eLMIS लाई अगामी आ.व २०८२।८३ बाट PAMS मै एउटा system थप गरी अभिलेख राख्नुपर्ने जानकारी दिएको छ । साथै सोही परिपत्रले आ.व २०८१।८२ को अन्तिम महिना आषाढतिर म्यानुअल तरिकाले विवरण डाउनलोड गरी सो मौज्दातलाई नयाँ PAMS V2 मा Migration गर्नुपर्ने जानकारी दिएको छ। नयाँ PAMS V2 मा औषधी तथा औषधीजन्य सामाग्रीहरुको अभिलेख राख्नको लागि २०८२ श्रावण मसान्तभित्र युजर आइडी सिर्जना गरी अभिलेख अधावधिक गरिसक्नुपर्नेमा हालसम्म पनि अभिलेख अधावधिक गरेको देखिएन । तसर्थ पालिकाले यस प्रणालीको सिर्जना गरी औषधी तथा औषधीजन्य सामाग्रीहरु अभिलेख चुस्त दुरुस्त राख्नुपर्छ।

६२ फरक खर्च शीर्षक

स्थानीय सरकार संचालन ऐन, २०७४ को नियम ७२ (२) मा गाँउपालिका तथा नगरपालीकाले नेपाल सरकारले निर्धारण गरेवमोजिमको आय र व्ययको बर्गिकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नुपर्ने र दफा ७३ (७) मा कार्यपालिकाले सभावाट स्विकृत सिमा र शीर्षक वाहिर गई बजेट खर्च गर्न नपाउने व्यवस्था छ । पालिकाले निम्नानुसार फरक खर्च शीर्षकवाट भुक्तानी गरेको रु. १०,१२,७११ नियमसम्मत देखिएन।

भौचर नं. र मिति	विवरण	खर्च लेख्नुपर्ने शीर्षक	खर्च लेखेको शीर्षक	रकम
३१५/२०८२।३।१५	विभिन्न ५ वटा घरको भाडा भुक्तानी भएको	रैथाने बाली संरक्षण, प्रबर्द्धन र बजारीकरण विउ पूँजी	घर भाडा भुक्तानी	४८१९१५
३२१/२०८२।३।१६	विपन्न नागरिक जस्तापाता सहयोग कार्यक्रम अन्तर्गत सामाग्री खरिद ढुवानी	पारिश्रमिक कर्मचारी	विपन्न नागरिक जस्तापाता सहयोग कार्यक्रम	३५२०९९
३५५/२०८२।३।२४	विभिन्न प्रकारका ब्यागहरू. खरिद भएको	नयाँ प्रशासकिय भवन कार्यालय ब्यवस्थापन	ल्यापटप ब्याग खरिद	१६४६९७
३७२/२०८२।३।२४		मिसन ग्रासरूट विपन्न नागरिक आवास जस्तापाता सहयोग कार्यक्रम	भ्रमण भत्ता भुक्तानी	१४०००
जम्मा				**१०१२७११**
			अनियमित भएको	१०,१२,७११

६३ सूचना प्रकाशनमा छुट

विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका, २०८० को निर्देशन नं ४५ मा विद्युतीय खरिद प्रणाली मार्फत वोलपत्र आह्वान गरिएको अवस्थामा बोलपत्र खरिद प्रकृयासँग सम्बन्धित कुनै पनि सूचना अन्य माध्यमबाट प्रकाशन गर्नुपर्ने छैन भन्ने व्यहोरा उल्लेख छ । त्यसैगरी गोरखापत्र संस्थान विज्ञापन संकलन, प्रकाशन, प्रसारण एवं विज्ञापन एजेन्सी सम्बन्धी निर्देशिका, २०७८ को दफा १० को उपदफा २ (क) मा संस्थानका प्रकाशनहरूमा विज्ञापन प्रकाशन गरेबापत २५ प्रतिशत संस्थागत छुट सरकारी तथा निजी क्षेत्रका सम्पूर्ण कार्यालयलाई उपलब्ध हुने व्यवस्था छ । पालिकाले वर्षभरी प्रकाशन गर्ने विज्ञापनमा बढीभन्दा बढी छुट प्राप्त गर्न सिलबन्दी दरभाउपत्रमार्फत मिडिया एजेन्सीको सूची दर्ता गराई खर्चमा मितव्ययीता कायम गर्न सकिन्छ । पालिकाले यस वर्ष बोलपत्र आह्वान तथा स्वीकृति सम्बन्धी सूचना माताश्री संचार गृह प्रा. लि.,खाँदबारी मा प्रकाशन गरी रु. १,९७,५७६ खर्च गरेकोमा १५% मात्र छुट लिएको छ। संस्थागत छुट बापतको २५ प्रतिशत सम्म छुट प्राप्त गरि खर्चमा मितव्ययीता अपनाउनु पर्दछ।

६४ अन्य कार्यालयको खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७७ को नियम ३९ बमोजिम सरकारी खर्च गर्दा बजेटको सिमा भित्र रही तोकिएको प्रकृया पूरा गरी तोकिएको प्रयोजनमा मात्र खर्च गर्नु पर्दछ । स्थानीय निकायका लागि वित्तीय समान्यीकरण अनुदान बापत केन्द्र सरकारबाट छुट्टै बजेट बिनियोजन हुने सरकारी कार्यालयका लागि खर्च गर्न मिल्ने देखिदैन । कार्यालयले विभिनन्न सरकारी कार्यालयको भवन निर्माण,मर्मत संभार, बस्तुगत अनुदान तथा अन्य चालु प्रकृतिका खर्चहरु बापत ठुलो परिमाणमा भुक्तानी दिने गरेको पाईयो । यसरी सार्वजनिक निर्माण,अनुदान, सहायता उपलब्ध गराउनु पर्ने अवस्था श्रृजना भएमा आफ्नो आन्तरिक श्रोतबाट प्राप्त रकमको उपभोग गर्नुपर्नेमा सो समेत गरेको पाईएन । यसरी हुने सार्वजनिक खर्चबाट काममा दोहोरोपना हुन सक्ने, बजेट तथा जिन्सी मालसामानको अनियमिता र हिनामिना समेत हुन सक्ने हुँदा यस्ता खर्च नियमसम्मत देखिएन।

सि.नं.	**गो. भौ./मिति**	**अन्य कार्यालयकोनाम**	**कामकोविवरण**	**भुक्तानीरकम**
१.	४८/२०८१।८।१८	इलाका प्रहरी कार्यालय हटिया गोला	इन्टरनेट, मौलो पूजा लगायत	५२,८४९
२	१८५/२०८२।१।२५	इलाका प्रहरी कार्यालय हटिया गोला	प्रहरी कार्यालयको झ्याल,ढोका तथा सिलिङ मर्मत	१,९३,३५४

अनियमित भएको	२,४६,२०३

६५ **कर कट्टी नभएको**

२६३/२०८२।३।९ मु.अ.कर ऐन,२०५२ बमोजिम रू.२०,००० भन्दा माथिको भुक्तानीमा अनिवार्य भ्याट विल लिनुपर्ने व्यस्था छ । यसरी भ्याट विल नभएको संस्थासँग कारोबार गर्नुपर्दा आयकर ऐन २०५८ को दफा ८८ अनुसार सेवा शुल्कको भुक्तानीमा १५ प्रतिशत कर कट्टा गर्नु पर्ने उल्लेख छ । विभिन्न समयमा कार्यपालिका बैठक तथा गाउँ सभाको बैठकको समयमा खाना तथा खाजा बापतको भुक्तानी भएकोमा भ्याट विल लिएको छैन । यसरी भ्याट विल बेगर भुक्तानी भएको तपशीलको भुक्तानीमा १५ प्रतिशतको दरले कर कट्टा गर्दा हुने रकम सम्बन्धितबाट असुल गरी संघीय संचित कोष दाखिला हुनुपर्दछ।

क्र.सं.	भुक्तानी पाउने	भुक्तानी रकम	१५% कर
१.	कर्म किराना पशल एण्ड लज	११५६७०	१७३५१
२.	आङ डिमा थिकेपा होटल एण्ड लज	५९१५०	८८७३
३.	वाङदिना होटल एण्ड किराना पशल	११६७७०	१७५१६
४.	सृष्टी होटल एण्ड लज किराना पसल	१२६९००	१९०३५
५.	आङ्नुर्वु होटल एण्ड लज किराना पसल	७५०००	११२५०
६.	दावा होटेल एण्ड किराना पसल	३४९३०	५२४०
जम्मा		५,२८,४२०	७९,२६5

असुल गर्नुपर्ने	७९,२६५

६६ **शिक्षा तर्फ**

शिक्षा तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

६६.१ **विद्यालयको सामाजिक तथा आर्थिक लेखापरीक्षण** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.१३.१० मा विद्यालय सञ्चालन तथा व्यवस्थापन अनुदान अन्तर्गत विद्यालयहरुको सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि आधारभुत तह सञ्चालित विद्यालयहरुलाई रू.१०००० र माध्यमिक तह सञ्चालित विद्यालयहरुलाई रू.१५००० अनुदान दिने व्यवस्था छ । पालिका अन्तर्गत सञ्चालित २३ वटा सामुदायिक विद्यालयहरुलाई सामाजिक परीक्षण तथा आर्थिक लेखापरीक्षण गराउनको लागि रू. ३४५००० अनुदान रकम निकासा दिएको देखियो । उपलब्ध अनुदानबाट विद्यालयहरुले यस वर्षको आर्थिक लेखापरीक्षण गराई प्रतिवेदन पालिकामा पेश गरेको छैन । यस सम्बन्धमा पालिकासँग सोधपुछ गर्दा विद्यलयले लेखापरीक्षण गराउँदै गरेको भन्ने पालिकाको भनाइ रहेको छ । पालिकाले विद्यालयबाट प्रतिवेदन प्राप्त गरी लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका सुझाव विद्यालयले कार्यान्वयनमा ल्याए नल्याएको सम्बन्धमा लेखाजोखा हुनुपर्दछ ।

६६.२ **स्यानिटरी प्याड** - स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ । पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २९४ जना रहेका छन । पालिकाले विराट हेल्थकेयर मोरङबाट ३९७१ थान स्यानिटरी प्याड रु. २,७५,९६४ (मु अ कर समेत) मा खरिद गरेको छ । पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ । खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ।

६६.३ **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (IEMIS)** - कार्यक्रम कार्यान्वयन पुस्तिका मा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई अनुदान निकासा दिनुपर्नेमा कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गर्ने व्यवस्था कार्यान्वयन गरेको देखिएन।

६६.४ **पालिका अनुदानमा नियुक्त भएका शिक्षक** - स्थानीय सरकार संचालन ऐन, २०७४ मा स्थानीय तहका सामुदायीक विद्यालयमा रहेका शिक्षकहरुको तलब भत्ता शर्शत शिक्षा तर्फ वजेट व्यवस्था गरी स्वीकृत दरवन्दी अनुसार खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले पालिका चालु शिर्षकबाट अनुदान कोटाकाबाट बिभिन्न १२ विद्यालयको लागि १८ शिक्षक नियुक्ती गरी रु. ६२,९४,६९५ स्वयम सेवक शिक्षकमा खर्च गरेको छ । पालिकाको आन्तरिक आय रु. १७,८२,४३१ रहेको अवस्थामा स्वयम सेवक शिक्षकमा रु. ६२,९४,६९५ खर्च हुनु मनासिव देखिदैन । विद्यार्थी सङ्ख्या कम भएका विद्यालय एकआपसमा गाभ्ने कार्य तथा शिक्षक दरबन्दी समायोजन नगरी पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयलेलाई यस प्रकारको खर्च अनियमित भएको भनि बेरुजु औंल्याएकोमा यस पटक पनि यस प्रकारको खर्च हुनु नियम गत विगतदेखि नै यस प्रकारको खर्च लेखेको रकम नियमसम्मत देखिएन।

अनियमित भएको	६२,९४,६९५

६६.५ **प्रतिविद्यार्थी लगानी** - पालिकाले यस आर्थिक वर्षमा शिक्षक, विद्यालय सहायक कर्मचारी, बाल विकास सहज कर्ता र विद्यालय सहयोगीको तलब भत्ता समेतमा रु. ५,२५,५४,४२३ दिवा खाजामा रु. २१,३२,६७०, पाठ्यपुस्तकमा रु. ७,६०,६६८ छात्राबृत्तिमा रु. १२,११,८०० अन्य खर्च रु. ३५,९८,००० समेत सशर्त शीर्षकमा रु. ६,०२,५७,५६१ र पालिका चालुबाट रु. १,२५,८५,१२१ गरी जम्मा रु. ७,२८,४२,६८२ खर्च गरेको छ । पालिकाको शैक्षिक सत्र २०८१ मा १५१० जना विद्यार्थी अध्ययन गर्ने देखिएकोले प्रति विद्यार्थी रु. ४८२४० लगानी भएको देखिन्छ । पालिकाले लगानी बमोजिम उपलब्धीमा जोड दिनुपर्दछ।

६६.६ **निकासा अभिलेख खाता** - नगरपालिकाले शिक्षकहरुको तलव भत्ता निकासा गर्नुपूर्व दरवन्दी अनुसार कार्यरत शिक्षकहरु यकिन गरी तलव भत्ता निकासा गर्नुपर्ने त्यस्तै माग फाराम सोही आधारमा रुजू गरी विद्यालयगत निकासा लेजर तयार गरी निकासा छोड्नुपर्नेमा निकासा लेजर राखेको छैन । दरवन्दी विवरण, कार्यरत शिक्षक विवरण, सो अनुरुपको माग फाराम तथा निकासा लेजर खडा गरी सोको अभिलेख व्यवस्थित रुपमा राख्नुपर्दछ।

६६.७ **निशुल्क पाठ्यपुस्तक** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.१ अनुसार प्रति विद्यार्थी लागतका आधारमा कक्षा १ देखि १२ सम्म अध्ययनरत विद्यार्थीका लागि नि:शुल्क पाठ्यपुस्तक अनुदान दिने व्यावस्था रहेको छ । यसरि अनुदान उपलब्ध गराउदा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी पाठ्यपुस्तकको सङ्ख्या यकिन गरेर मात्र पहिलो पटकमा ७५ प्रतिशत संख्यालाई मात्र अनुदान दिने र शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र दोस्रो पटक अनुदान दिने व्यवस्था रहेको छ । पालिकाले विभिन्न विद्यालयहरुलाई रु. ७६०६६८ रकम निकाशा गरेकोमा IEMIS मा प्रविष्ट तथ्याङ्कलाई विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापन नगराएको, पहिलो पटक निकाशा गरेपश्चात २५ प्रतिशत दोस्रो निकाशा गर्दा शैक्षिक सत्रमा भएको नयाँ विद्यार्थी भर्नाको विवरण, पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा मात्र गर्नुपर्नेमा सोझै निकाशा गरेकोले वास्तविक निकाशा खर्च यकिन हुन सकिएन।

६६.८ **शिक्षक दरबन्दी र पदपूर्ति** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(१) मा विषयगत महाशाखा तथा शाखाको दरबन्दी संरचना कायम गनुपर्ने उल्लेख छ। स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । पालिका अन्तर्गत ३ वटा बाल विकास केन्द्र, २१ वटा आधारभूत विद्यालय, २ वटा माध्यमिक विद्यालयहरु सञ्चालनमा रहेका छन । सञ्चालनमा रहेका २३ विद्यालयहरुमा शिक्षकको दरबन्दी र पदपूर्तिको अवस्था एवं

विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । तालुक निकाय तथा पालिकाबाट विद्यालयगत शिक्षक दरबन्दी मिलान गरी पदपूर्ति गर्नुपर्दछ।

तह	दरबन्दी संख्या	पदपूर्ति					विद्यार्थी संख्या	विद्यार्थी शिक्षक अनुपात
		स्थायी	राहत	करार	अनुदान	जम्मा	२०८१	
प्राथमिक शिक्षक	६६	६१	३	२	०	६६	९४५	१४
निम्न माध्यमिक शिक्षक	७	३	४	०	०	७	३६०	५१
माध्यमिक शिक्षक	५	४	०	०	०	४	२०५	१७
उच्च माध्यमिक शिक्षक	२	०	२	०	०	२		
प्राविधिक धार	६	०	६	०	०	६		
जम्मा	८६	६८	१५	२	०	८५	१५१०	१८

६६.९ **छात्र बृत्ति कार्यक्रम** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।

६६.१० **दिवा खाजा** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७.११.१ अनुसार प्रारम्भिक बाल विकासदेखि कक्षा ६ सम्मो विद्यार्थी संख्याको आधारमा वार्षिक १८० दिनका लागि प्रति विद्यार्थी रु १५ को दरले रकम निकाशा गर्नुपर्ने व्यवस्था रहेको छ । यसरि रकम निकाशा गर्दा एकरुपता कायम हुने गरी दिवा खाजाको मेनु तयारी र खाजा व्यवस्थापन विधिको छनोट गर्नुपर्ने, IEMIS मा रहेको विद्यार्थी संख्या यकिन गर्नुपर्ने, पछिल्लो त्रैमासिकमा रकम निकाशा गर्दा भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई स्थानिय तहमा संकलन गरी संख्या यकिन भए पश्चात मात्र थप अनुदान दिने व्यावस्था रहेको छ । कार्यालयले विभिन्न २३ सामुदायिक विद्यालयहरुलाई वर्षभरि विद्यालय चलेको दिन यकिन नगरी विभिन्न मितीमा दिवा खाजा बापतको रकम निकाशा गरेको छ । सम्पूर्ण विद्यालयका सम्पूर्ण विद्यार्थीहरुलाई प्रमाणित हाजिर र विद्यार्थी संख्या यकिन बेगर एकमुष्ठ रकम निकाशा गरेको औचित्यपूर्ण देखिदैन । कार्यालयले यस वर्ष विभिन्न २३ विद्यालयहरुलाई दिवा खाजा निकाशा दिदाँ तोकिएका मापदण्डहरु पुरा भएको अवस्था बेगर रकम निकाशा गरेको पाईएकोले कानुन तथा निर्देशिकाको पालना गरि दिवा खाजा रकम निकाशा गर्नुपर्दछ । कार्यालयले IEMIS मा रहेको विद्यार्थी संख्या पुन यकिन गरि, बास्तविक विद्यार्थी संख्यालाई शिक्षा अधिकृतबाट सत्यापन गराई, भौतिक रुपमा पूरा कक्षा चलेको दिनलाई प्रधानध्यापक र विव्यस अध्यक्षबाट विद्यार्थीको संख्यात्मक विवरण प्रमाणित गराई, स्थानिय तहमा संकलन गरी, संख्या यकिन गरि बिद्यार्थी उपस्थितिको दिन गणना गरेर मात्र दिवा खाजा निकाशा गर्नुपर्दछ । यस सम्बन्धमा निकाशा भएको रकम कार्यालयले पुन: यकिन गरि बढी निकाशा भएमा बढि भएको रकम असुल गर्नुपर्दछ।

६६.११ **निरीक्षण अनुगमन प्रतिवेदन** - कार्यक्रम कार्यान्वयन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७ को ६ मा स्थानीय तहले विद्यालयमा संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शीर्षकहरूमा गरिएको निकासा कार्यान्वयनको अवस्था अनुगमन गर्न सम्बन्धित विषयगत/ प्राविधिक/ सरोकारवालाहरुको सहभागितामा अनुगमन गर्ने पर्ने र हरेक शिक्षा विकास तथा समन्वय इकाइले सङ्घीय सरकारबाट स्थानीय तह मार्फत् शशर्त अनुदानका रुपमा वितीय हस्तान्तरण भई सञ्चालन भएका दिवाखाजा कार्यक्रम, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माण लगायतका समग्र कार्यक्रमको जिल्ला भित्रको कार्यान्वयनको अवस्थाको अनुगमन गरी यस सम्वन्धी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा नियमितरूपमा पठाउनु

पर्ने उल्लेख भएकोमा स्थानिय तहले केही वाद्यालयको मात्र अनुगमनको प्रति पेश गरेको पाइयो ।कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार अनुगमनको प्रतिवेदन पेश गरी देखीएका कमी कमजोरीको लेखाजोखा गरी सुधारको प्रयास गर्नु पर्दछ।

६६.१२ **संघिय शर्सत चालु** - भोटखोला गाँउपालिका गाँउ शिक्षा ऐन २०७८ को दफा ४मा गाँउपालिकाले हाल संचालनमा रहेका विद्यालयहरुलाई दुरी, विद्यार्थि संख्या, गुणस्तरीयता तथा सञ्चालन क्षमताको आधारमा गाभ्न एक ठाँउबाट अर्को ठाँउमा सर्न वा आवश्यक नभएको पर्याप्त आधार भएमा बन्द गर्न वा आवश्यक नँया क्षत्रमा विद्यालय खोल्न वा कक्षा थप गरी संचालन गर्न अनुमति दिन वा नाम परिवर्तन गर्ने सम्बन्धमा वडा कार्यालयको सिफारिस र गाँउ शिक्षा सिमितीको सिफारिसको आधारमा गाँउपालिकाले निर्णय गर्न सक्ने व्यवस्थाउल्लेख छ ।पालिका अन्तर्गत दुध पोखरी आवि भोटखोला २ थुदाम र गंगालाल आवि भोटखोला २ गुठीगुम्बा विगत वर्ष देखी विद्यार्थि संख्या शुन्य रहेको पाइएकोले शिक्षा ऐन बमोजिम गाभ्नु (मर्ज) गर्नुपर्ने देखिन्छ ।

६६.१३ **७७- २०८२।३।४ (संघिय शर्सत चालु)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने तथा नियम ३९(१०) मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भरपाई र कागजात संलग्न भए वा नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले अरुणोदयमावी लिङ्गमलाई इन्टरनेटको वापत रु. २०००० भुक्तानी भएकोमा विल पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	२०,०००

६६.१४ **अभिलेख अध्यावधिक** - शिक्षा नियमावली, २०५९ को परिच्छेद ३ नियम १६ मा नं.(झ) मा शिक्षा सेवा आयोगबाट नियुक्ति वा बढ्ुवाको लागि सिफारिस भई आएका शिक्षकलाई नियुक्त गर्ने, सामुदायिक तथा सरकारी विद्यालयमा कार्यरत शिक्षकको नोकरी तथा अन्य विवरण अभिलेख अद्यावधिक गरी राख्नुपर्नेमा नियमावलीको व्यवस्था अनुसारका उक्त अभिलेखहरु तयार गरी अद्यावधिक गरेको देखिएन ।

६६.१५ **पाठ्यपुस्तकमा बढी निकासा** - (१०९- २०८२।३।१५ संघिय शर्सत चालु) शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.४.६.२.मा EMIS मा प्रवृष्टि भएकोसंख्यालाई सत्यापन भरी विद्यार्थी संख्या यकिन गरी मात्र पाठ्यपुस्त अनुदान निकासा गर्नुपर्ने व्यवस्था छ ।पालिकाले EMIS मा प्रवृष्टि भएको संख्यालाई सत्यापन नगरी विद्यार्थी संख्या मात्र यकिन गरी पाठयपुस्तक अनुदान निकासा गरेको पाइयो । EMIS मा प्रवृष्टि भएको संख्या भन्दा देहाय बमोजिम बढी निकासा भएको रकम सम्बन्धितबाट असुल हुनुपर्दछ।

विद्यालयको नाम	बढी भुक्तानी	कैफियत
नगेश्वरी आवी दाङगोक	२४२८	कक्षा ३मा विद्यार्थि नभएको तर किताव किनेको रु ११६२ र कक्षा ५मा १ विद्यार्थि रहेकोमा ३ पुस्तक खरिद गरेको बढी खरिद गरेको रु १२६६

असुल गर्नुपर्ने	२,४२८

६६.१६ **निर्देशिका विपरित खर्च (संघिय शर्सत चालु)** - कार्य संचालन निर्देशिका २०८१को बुँदा २७१३४० मा मावि तह कक्षा ९-१० मा स्वीकृत बजेटको परिधिभित्र रही शुन्य दरबन्दी राहत कोटा भएका विद्यालयहरुलाई न्यूनतम ३ वटा १ दरबन्दी राहत अनुदान कोटा भएकालाई २ वटा र २ दरबन्दी राहत अनुदान कोटा भएकालाई १ वटा का दरले अनुदान उपलब्ध गराउने र क्रियाकलाप नं. २७१३४१ आधारभूत तह कक्षा ६-८ मा वजेटको परिधिभित्र रही शुन्य दरवन्दी भएका विद्यालयलाई न्यूनतम १ शिक्षक वरावरको अनुदान उपलब्ध गराउने उल्लेख छ ।कक्षा १-५ स्विकृत भएको र माविमा प्रस्तावित भएको कृष्ण् मावि गोलाले मावी ९-१० मा ४ जना

शिक्षक र आधारभुत तह ६-८ मा ३ जना शिक्षक नियुक्ति गरी निर्देशिका विपरित मावि तहमा १ जना र आधारभुत तहमा २ जना शिक्षकलाई नियुक्ति गरी रु. १२५७८२७ भुक्तानी भएको छ। यस्तो खर्चमा नियन्त्रण हुनुपर्दछ।

कक्षा	रकम	कैफियत
कक्षा ९-१०	५७७९५७	१ जनाको रु ४३६८९ का दरले दशै भत्ता र लुगाभत्ता समेत
कक्षा ६-८	६७९८७०	रु ३४७३० का दरले १ जनाको पुरै बर्ष १ जनाको माघबाट
जम्मा	१२५७८२७	

६६.१७ **अनुगमन प्रतिवेदन** - कार्यक्रम कार्यान्वियन पुस्तिका २०८१।८२ को क्रियाकलाप नं २.७ को ६ मा स्थानीय तहले विद्यालयमा संघ, प्रदेश र स्थानीय तह तथा विभिन्न सङ्घ संस्था र निकायबाट विभिन्न शीर्षकहरूमा गरिएको निकासा कार्यान्वियनको अवस्था अनुगमन गर्न सम्बन्धित विषयगत/ प्राविधिक/ सरोकारवालाहरूको सहभागितामा अनुगमन गर्ने पर्ने र हरेक शिक्षा विकास तथा समन्वय इकाइले सङ्घीय सरकारबाट स्थानीय तह मार्फत् शशर्त अनुदानका रूपमा वितीय हस्तान्तरण भई सञ्चालन भएका दिवाखाजा कार्यक्रम, पाठ्यपुस्तकको वितरण, छात्रवृत्ति वितरण, शिक्षण सिकाइ अनुदान, भौतिक पूर्वाधार निर्माण लगायतका समग्र कार्यक्रमको जिल्ला भित्रको कार्यान्वियनको अवस्थाको अनुगमन गरी यस सम्वन्धी प्रतिवेदन शिक्षा तथा मानवस्रोत विकास केन्द्रमा नियमितरूपमा पठाउनु पर्ने उल्लेख भएकोमा स्थानिय तहले केही विद्यालयको मात्र अनुगमनको प्रति पेश गरेको पाइयो ।कार्यक्रम कार्यान्वियन पुस्तिका अनुसार अनुगमनको प्रतिवेदन पेश गरी देखीएका कमी कमजोरीको लेखाजोखा गरी सुधारको प्रयास गर्नु पर्दछ।

६६.१८ **प्रगति प्रतिवेदन** - स्थानीय तहले शैक्षिक, व्यवस्थापकीय सुधार, शुसासनमा उत्कृष्ट कार्य गरेका उत्कृष्ट विद्यालय छनोट गर्दा कम्तीमा आधारभूततर्फ १०० विद्यार्थी र माध्यमिकतर्फ २०० विद्यार्थी भएका विद्यालयमध्ये सामाजिक परीक्षण मापदण्ड, २०७८ ले तोकेको विधि, प्रक्रिया र पद्धतिबमोजिम प्राप्त गरेको समष्टिगत अङ्कलाई आधार मान्ने । उच्च्चतम अङ्क प्राप्त गर्ने प्रथम र द्वितीय हुने विद्यालयलाई क्रमशः तीन लाख र दुई लाख निकासा गर्ने। विद्यालयले प्राप्त गरेको अनुदानबाट विद्यालयको आवश्यकताका आधारमा शैक्षिक तथा व्यवस्थापकीय पक्षमा गरिने सुधार शिक्षक कर्मचारी क्षमता विकास, अभिभावक सचेतना तथा शिक्षा, स्थलगत अध्ययन भ्रमण, प्रविधियुक्त सिकाइ, छिमेकी विद्यालयसँगको अन्तर्क्रिया एवम् विद्यालयका मौलिक अभ्यासलाई प्राथमिकता दिनेगरी विद्यालय व्यवस्थापन समितिको निर्णयअनुसार खर्च गर्ने। विद्यालयले सम्पादित कार्यका आवधिक प्रगति प्रतिवेदन स्थानीय तह र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको विद्यालय शिक्षा मापदण्ड निर्धारण शाखामा नियमित रूपमा पठाउने ।स्थानिय तहले प्रस्ताव अनुसार अनुदानको रकमको उपयोगको अवस्थाका सम्बन्धमा नियमित अनुगमन गर्नु पर्ने व्यवस्था रहेको छ ।पालिकाले समग्र विद्यालयको मुल्याङ्कन गर्दा दुइ विद्यालय बरुण आवि सिप्रुङ्ग प्रथम र जालपा आवि दोस्रो भएकोमा दुवै विद्यालयमा विद्यार्थि संख्या नपुगेको आधारमा ३ विद्यालयलाई दामासाहीले कृष्ण मावी गोलालाई रु. २.५०.००० बरुण आवि सिप्रुङ्गलाई रु. १,५०,००० र जालपा आवि तुङखालिङ्गलाई रु. १,००,००० समेत रु. ५,००,००० निकासा भएकोमा सो रकम निर्देशिका विपरित भएकोले अनियमित देखिएको साथै विद्यालयले प्रगति प्रतिवेदन पेश नगरेको तथा पालिकाबाट अनुगमन गरी प्रतिवेदन पेश हुनुपर्दछ।

अनियमित भएको	५,००,०००

६७ प्रधानमन्त्री रोजगार कार्यक्रम

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारीको प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । यस कार्यक्रम व्यवस्थित रुपमा सञ्चालनका लागि प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका. २०७५ तयार गरेको छ । यस कार्यक्रम अन्तर्गत पालिका अन्तर्गत ५ वडामा ८ योजना सञ्चालन गरी यस वर्ष ७५ जनालाई औसत १०० दिन रोजगारी उपलव्ध गराई रु. ४६७६००० श्रमिक ज्याला खर्च गरेको छ । पालिकाका नियमित योजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट गर्दा योजना छनौटको आधार नखुलाएकोले दोहोरो परे नपरेको सम्बन्धमा स्पष्ट हुन सकिएन । योजनामा दोहोरो नहुने गरी योजना छनौट गरी

कार्यान्वयन गर्नुपर्दछ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। तसर्थ कार्यक्रम सञ्चालन निर्देशिका बमोजिम व्यवस्थित तवरले कार्य सञ्चालन गर्नुपर्दछ।

६८ **पूँजीगत तर्फ**

पूँजीगत तर्फ देखिएका वेहोराहरु देहायबमोजिम रहेका छन्

६८.१ **विद्युत जडान (गाउँपालिका पुजीगत)** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । पालिकाले सिम्बोक्पा तथा याक्पुछी टावर विद्युत जडान कार्यको लागि रू.३२,८६,८५२।१७ को लागत अनुमान तयार गरी सिम्बोक्पा तथा याक्पुछी टावर विद्युत जडान उपभोक्ता समितिसंग संझौता गरेको देखिन्छ । उक्त संझौता बमोजिम ६८ थान विद्युत पोल जडान लगायतको कार्यसम्पन्न गरी नापी तथा मुल्याकंनका आधारमा रू. २८,३८,३३७ भुक्तानी गरेको देखिन्छ । भुक्तानीको प्रमुख आधार नापी किताब भएको हुदा, उक्त नापी किताबमा ६८ थान पोल कुन कुन चेनेजमा जडान भएको चेनेज अनुसार नखुलाई एकमुष्ट रुपमा जडान भएको नापी किताब तयार पारेको देखिन्छ । अतः उक्त विद्युतीय पोल चेनेज अनुसार जडान गरेको नापी किताब, कार्यसम्पन्न सहित वडा तथा पालिकाले गरेको अनुगमन तथा सुपरिवेक्षण प्रतिवेदन पेश हुनुपर्दछ।

प्रमाण पेश नगरेको	२८,३८,३३७

६८.२ **उपभोक्ता समितिलाई बढी भुक्तानी** (गाउँपालिका पुजीगत) - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्याकंनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ । साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समितिलाई निर्माण कार्य वा सेवाको काम दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अँश कट्टा गरेर मात्र भुक्तानी दिनुपर्ने छ ।नमुना छनौटको रुपमा हेरिदा गाउँपालिकाले उपभोक्ता समिति मार्फत कार्य गराउदा कार्य सम्पादन मुँल्याकन पश्चात खुद भुक्तानी गर्नुपर्ने रकम भन्दा बढी रकम रु. १,८२,५४२ उपभोक्ता समितिलाई भुक्तानी भएको हुँदा बढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ।

गो.भौ.न	उपभोक्ता समिति तथा योजना	लागत अनुमान (उ.स.अँश समेत)	मुल्याँकन	भुक्तानी भएको	भुक्तानी हुनुपर्ने	बढी भुक्तानी
९६ न.पु.	गा.पा. प्रशासकिय भवन प्रगण तथा कम्पाउण्ड घेराबन्दी निर्माण उ.स.	१६५०२१८	१५७८२१९	१३८३००१	१३७५३९७	७३०४
६ स.बो.	सिदोङ्चेन देखि चुङमुकथाङक सडक मर्मत योजना उ.स.	९४०४१०	८३६२४८	७६८८३८	७२७१२३	४१७१५
१३५	भोटखोला प्रवेशद्धार निर्माण गोला बजार उ.स.	११००२६७	७४९४८७	७४९४८७	६७४५३९	७४९४८
१३७	गुम्बा कृषि सडक निर्माण वडा-२ उ.स.	८८०१९८	५८५७५०	५६१७५०	५०३१७५	५८५७५
जम्मा						१८२५४२

असुल गर्नुपर्ने	१,८२,५४२

६८.३ **जटिल संरचना निर्माण** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी., ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो।

यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ।यसका केही उदाहरणहरु यस प्रकार रहेका छन्:-

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम
२४।०८१।११।२३	माङमुङ पेल्ट्रीसेट मर्मत तथा सामाग्र खरिद वडा नं. ४	लघु जलविद्युत सम्बन्धी सामाग्री खरिद तथा जडा	३८७८१६
३।०८१।८।११	४ नं. वडा तला थप निर्माण उ.स.	४ नं. वडा तला थप निर्माण उ.स. (यस आ.ब.मा भुक्तानी)	३७९०६८
१४०।०८२।३।१६	सिम्बोक्पा तथा याक्पुछी टावर विद्युत जडान योजना उ.स.	विद्युत जडान सम्बन्धी कार्य	२८३८३३७
जम्मा			३६०५२२१

६८.४ **हेभी इक्युपमेन्टको प्रयोग -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा कामको मुख्य उद्देश्य रोजगारी श्रृजना गर्ने भएमा उक्त काम उपभोक्ता समितिमार्फत गराउन सकिने उल्लेख छ । भने सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा सामान्यताः डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई पालिकाको सहमति लिएको पाईएन । यसमा सुधार हुनुपर्दछ।

गो.भौ.न	उपभोक्ता समितिको नाम	कामको विवरण	मुल्याँकन	भुक्तानी	मेशिन प्रयोग कोमु.अ.कर बिल
४२	लिंगममां खिम कृषि सडक ट्र्याक निर्माण उ.स.	ट्र्याक निर्माण कार्य	१२०६०६९	१०६२५५९	१२२३५९२
१३७	गुम्बा कृषि सडक निर्माण वडा २ उ.स.	ट्र्याक निर्माण कार्य	५८५७५०	५६१७५०	४२३७१२
जम्मा				१६२४३०९	१६४७३०४

६८.५ **कार्यालयको काम उपभोक्ता समिति मार्फत गराएको** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा काममा मितव्ययी, गुणस्तरीय, रोजगारी श्रृजना गर्ने तथा दिगोपना हुने भएमा त्यस्ता आयोजना उपभोक्ता समिति मार्फत गराउन सकिने उल्लेख छ। साथै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत गराएको कामको स्वामित्व लाभग्राही समुदायलाई नै हस्तान्तरण गर्नुपर्ने उल्लेख छ। कार्यालयले आफै निर्माण गर्नुपर्ने आफ्नै भवन निर्माण तथा मर्मतको काम उपभोक्ता समिति मार्फत गराइ देहाय अनुसार खर्च गरेको छ। उपभोक्ता समिति मार्फत कार्य गराउदा लाभ प्राप्त गर्ने र दिगोपना आउने योजनाको कार्य गर्न दिनुपर्नेमा हस्तान्तरण गर्न नहुने र प्रतिस्पर्धावाट कार्यालयले गराउनुपर्ने कार्यहरु समेत उपभोक्ता समिति मार्फत गराएको पाइयो। नमुना छनौटका रुपमा परिक्षण गर्दा नियमावलीमा भएको व्यवस्थाको प्रतिकुल हुने गरी लाभग्राही समुदाय मार्फत आफ्नै भवन निर्माण कार्य गराउनु नियमसम्मत देखिएन।

भौ नं.	उपभोक्ता समिति	कामको विवरण	भुक्तानी रकम
३८।०८२।१।२१	गाउँपालिका भवन थप निर्माण उपभोक्ता समिति	गाउँपालिकाको प्रशासकिय भवन निर्माण (यस आर्थिक बर्षमा भुक्तानी रकम) संभौता- ६८८२४०१.५८ कार्यसम्पन्न- ६५८१३१९.५८ भुक्तानी रकम-५७६१४१६.००	६६०६८४
३।०८१।८।११	४ नं. वडा तला थप निर्माण उ.स.	४ नं. वडा तला थप निर्माण (यस आर्थिक बर्षमा भुक्तानी रकम)	३७९०६८
७१।०८२।२।२८	५ नं. वडा कार्यालय भवन प्लास्टर तथा झ्याल ढोका थुनथान उ.स.	५ नं. वडा कार्यालय भवन प्लास्टर तथा झ्याल ढोका थुनथान	१४३०१४४
		जम्मा	२४६९८९६

पालिकाको भनाई - पटक पटक प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्न सुचना प्रकाशन गर्दा भौगोलिक जटिलताका कारण कुनै पनि फर्म प्रतिस्पर्धामा नआएको हुदा बाध्यात्मक रुपमा उपभोक्ता समिति मार्फत कार्य गराउने गरेको।

६८.६ **बीमा नगरी कार्य गरेको** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ को उपनियम (३क) मा उपभोक्ता समितिबाट २० लाख रुपैयाभन्दा बढी मूल्यको निर्माण कार्य गराउँदा सम्झौता रकममा बीमा वापतको खर्च बेहोर्ने रकम समावेश गरी सोही रकमबाट बीमा गर्नुपर्ने उल्लेख छ। पालिकाले निम्न निर्माण कार्य उपभोक्ता समितिमार्फत कार्य गराएकोमा बीमा नगराई निर्माण कार्य गरेको नियमविपरित देखियो। नियमावलीको व्यवस्था बमोजिम बीमा गराएर मात्र निर्माण कार्य गर्नुपर्दछ।

गो.. भौनं	उपभोक्ता समिति	सम्झौता रकम	भुक्तानी रकम
१४।०८२। ३।२२	तुङखालिङ आधारभुत स्वास्थ्य सेवा भवन निर्माण उ.स.	२७२७३२७	२४२५०००
५।०८१। ४।३१	गोला लिंगम सडक मर्मत योजना उ.स.	२३८८०१२	२०८९६८९
जम्मा		५११५३३९	४५१४६८९

६८.७ **व्यक्ति मार्फत कार्य (गाउँपालिका पुजीगत)** - सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ ले खरिद विधि खुल्ला प्रतिस्पर्धाद्धारा, उपभोक्ता समिति मार्फत, अमानतबाट निर्माण कार्य तथा गैर सरकारी संस्था मार्फत कार्य गराउन सक्ने प्रावधान छ । कुनै एक व्यक्ति मार्फत निर्माण कार्य गराउन मिल्ने व्यबस्था गरेको देखिदैन । यस गाउँपालिकाले समपुरक कोष शीर्षकबाट गाउँपालिकाको प्रशासनिक भवनको दर्ता चलानी तथा सोधपुछ कक्ष, रेलिङ्ग निर्माण, फलामको भर्याङ्ग तथा खानेपानी व्यबस्थापन कार्य छिरिङ्ग लामा(बिद्युत अपरेटर) मार्फत गराएको भनी गो.भौ.न. ७८।०८२।३।२ बाट रू. २,८७,६८० उक्त व्यक्तिलाई भुक्तानी गरेको देखिन्छ । यसरी कानुनमा भएको व्यबस्था विपरित व्यक्ति मार्फत कार्य गराई भुक्तानी गरेको नियमसम्मत मान्न सकिएन।

अनियमित भएको	२,८७,६८०

६८.८ **शीर्षक फरक पारी खर्च (गाउँपालिका पुजीगत)** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावाली,२०७७ को नियम ३८ मा बजेट खर्च गर्न वा खर्च निकासा गर्न दिनु अघि स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित शीर्षकमा परेको र खर्च गर्न बाँकी रहेको एकीन गर्नुपर्ने व्यवस्था छ । नमुना छनौटको रुपमा हेरिएको पालिकाले निम्नानुसारको फरक शीर्षकबाट खर्च भुक्तानी गरको छ । फरक शीर्षकमा खर्च गरेको रु. ९,९३,९७२ रकम नियमसम्मत देखिएन।

भौचर नं. र मिति	बजेट विनियोजन शीर्षक	वजेट खर्च गरेक शीर्षक	रकम रु	कैफियत
८७।०८२। ३।३	साम्जुङ स्मृति खेलमैदान निर्माण	हिक्चुखोला जलबिद्युत जेनेरेटर खरिद	४१४६४६	एउटा शीर्षकमा विनियोजन बजेट अर्को शीर्षकमा खर्च गरेको
२६२।०८२। ३।९	गोला भिर रक क्यालाईम्बिङ गुरु योजना	४ नं. वडा कार्यालय भर्याङमा रेलिङ्ग सहित निर्माण योजना	५७९३२६	एउटा शीर्षकमा विनियोजन बजेट अर्को शीर्षकमा खर्च गरेको
जम्मा			९९३९७२	

अनियमित भएको	९,९३,९७२

६८.९ **उपभोक्ता समितिबाट खरिद (गाउँपालिका पुजीगत)** - सार्बजनिक खरिद नियममावली, २०६४ को नियम ९७ अनुसार सामान खरिद कार्य उपभोक्ताबाट गराउन मिल्ने व्यवस्था गरेको देखिएन । खरिद कार्य सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धी बिधिबाट खरिद गर्नुपर्नेमा देहायको कार्यक्रम खरिद उपभोक्ता समितिबाट गर्नु नियमसम्मत देखिएन।

भौ. नं .	उपभोक्ता समिति तथा योजना	खरिद विवरण	रकम रु .
१३४।०८२।३। १५	वाङखोला विजुली पाईप तथा सामान खरिद योजना उ . स .	बिजुली पाइप तथा सामान खरिद	१४५०००
१५१।०८२।३। २१	माङबुङ जलविद्युत मर्मत सम्भार सेम्बुङ सिप्रङ राप्सा योजना उ . स .	जलबिद्युत सम्बन्धी सामाग्री खरिद	४८५०००
जम्मा			६३००००

अनियमित भएको	६,३०,०००

६८.१० **व्यक्तिलाई भुक्तानी (गाउँपालिका पुजीगत)** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समिति मार्फत कार्य गराउन सक्ने व्यबस्था रहेको छ । उक्त व्यबस्था अनुसार योजना कार्य उपभोक्ता समिति मार्फत कार्य गराउन संझौता भएको र सो बमोजिम कार्य सम्पन्न गरी भुक्तानी गर्दा उक्त उपभोक्ता समितिलाई भुक्तानी गर्नुपर्नेमा उपभोक्ता समितिलाई भुक्तानी नगरी उपभोक्ता समितिको अध्यक्षको व्यक्तिगत बैंक खातामा भुक्तानी गरेको देखिन्छ ।यस बिषयमा कार्यालयसंग छलफल गर्दा समयमा राष्ट्रिय परिचयपत्र नं. प्राप्त नभएको हुदा उ.स. को नाममा बैंक खाता खोल्न नसिकएको जनाएको छ । संझौताको शर्त विपरित योजना कार्य सम्पन्न पश्चात उपभोक्ता समितिको नाममा भुक्तानी गर्नुपर्नेमा व्यक्तिको व्यक्तिगत खातामा भुक्तानी गरेको रकम सम्बन्धित उपभोक्ता समितिको सहमतिमा भुक्तानी दिएको तथा उपभोक्ता समितिलाई सो भुक्तानीले असर नपरेको भन्ने पुष्ट्राई सहितको आवश्यक प्रमाण पेश गर्नुपर्दछ।

गो.भौ.न.	योजना तथा उपभोक्ता समिति	भुक्तानी पाउने	मुल्यांकन रकम	भुक्तानी रकम
१२०।०८२।३।१२	श्री होम्बरे गुम्बा प्राङ्गण तथा शौचालय निर्माण वडा ४	दावा साङबु लामा	५५५८६२	४८५०००
२३१।०८२।३।१४	अरुणादय आ.बि. कम्पाउण्ड घेराउ वडा २	लखन लामा	१०८२०८	९४४७३
जम्मा			६६४०७०	५७९४७३

प्रमाण पेश नगरेको	५,७९,४७३

६८.११ **चेनेज दोहोरो परेको (सडक बोर्ड)** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा प्राविधिक नापजाचँ र मूल्यांकनको आधारमा भुक्तानी दिनुपर्ने व्यबस्था रहेको छ। यस गाउँपालिकाको सडक बोर्ड शीर्षकबाट सञ्चालन भएको गोला लिंगम सडक मर्मत योजना(आ.ब.२०८०।८१को योजना) र सोही योजनाका लागि यस बर्ष बजेट विनियोजन भई कार्य सम्पन्न भएको देखिन्छ । तर उक्त कार्यको श्रेस्ता परीक्षण गर्दा सो योजनाको दुई आर्थिक बर्षको कामको प्रकृति तथा निर्माण कार्यको चेनेज दोहोरो परेको देखिन्छ । उक्त कार्यमा दोहोरोपना नभएको सम्बन्धमा एकिन हुन सकिएन । तर्सथ उक्त कार्य फरक फरक भएको हो, दोहोरो नपरेको हो भन्ने पुष्ट्राई सहितको प्रमाण पेश गर्नुपर्दछ।

आ.ब. २०८०।८१ को योजना	आ.ब. २०८१।८२ को योजना
योजना- गोला लिंगम सडक मर्मत योजना	योजना- गोला बजार देखि लिंगम गुरूङ्ग गाउँ कृषि सडक स्तरोन्नती
चेनेज-	चेनेज-
CH 0+00 to 0+3000 – Earthwork work	CH 0+00 to 0+3000 – Earthwork work
CH 0+00 to 0+2500 – solling work	CH 0+00 to 0+3000 – solling work
CH 0+00 to 0+3000 – gabion work	CH 0+00 to 0+3000 – gabion work
उपभोक्ता समिति- गोला लिंगम सडक मर्मत योजना वडा-४ उ.स.	उपभोक्ता समिति- गोला बजार देखि लिंगम गुरूङ्ग गाउँ कृषि सडक स्तरोन्नती वडा- ४ उ.स.
लागत अनुमान- २३,८८,०१२।००	लागत अनुमान- २३,८३,३८१।००
मुल्यांकन- २३,८७,३५२।००	मुल्यांकन- २३,८४,०४३।००
भुक्तानी रकम– २०,८९,६८९।००	भुक्तानी – २०,४१,४४८।००
भुक्तानी गो.भौ.न तथा मिति- ३,४।०८१।४।३०,३१	भुक्तानी गो.भौ.न तथा मिति- ९।०८२।२।२५

पालिकाको भनाई - एकै चेनेजमा फरक फरक कार्य भएको हो थप कार्य गर्नुपर्ने रहेको छ । एकै कार्यको लागि निरन्तर बजेट आएको हो । नापीमा त्रुटीबंश चेनेज एउटै भएको हो, सोको प्रमाण पेश गरिनेछ।

६८.१२ **ईलेक्ट्रोनिक सामाग्री खरिद** - सार्वजनकि खरिद ऐन, २०६३ को दफा ८ बमोजमि प्रतिस्पर्धा सीमित नहुने गरी खरीद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनकि खरिद नियमावलीमा रु. १० लाख सम्मको खरीद कार्य सोझै, सो भन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथिको खरीद बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था छ । तर कार्यालयले प्रचलित कानुनी व्यवस्थाको पालना नगरी एउटै प्रकृतिको खरिदलाई निम्नानुसार टुक्रापारी गरेको खरिद गरेको पाईयो। यसमा सुधार हुनुपर्दछ।

गो. भौ . न . \ मिति	खरिद विवरण	भुक्तानीकर्ता	रकम
५।०८२।१।१८	डेस्कटप, ल्यापटप तथा प्रिन्टर लगायत अन्य	खुशी सप्लायर्स , खाँदबारी	५०००००
१५६।०८२।३।२५	ल्याबटप तथा एलईडी लगायत अन्य	कम्प्युटर पोइन्ट , खाँदबारी	४९४३७५
	प्रिन्टर, ल्याबटप चार्जर लगायत अन्य	साकार ईन्टरप्राइजेज , खाँदबारी	१५०००७
३२३।०८२।३।१६	डेल डेस्कटप	बज्राचार्य ईलेक्ट्रोनिक्स , खाँदबारी	८५०००
२९७।०८२।३।१२	बायोमेट्रिक स्क्यानर	साकार ईन्टरप्राइजेज , खाँदबारी	२१४७००
२९६।०८२।३।१२	ईन्टरनेट सम्बन्धी उपकरण	खुशी सप्लायर्स , खाँदबारी	१९१२४१
बिभिन्न भौचर	ल्याबटप, कम्प्युटर तथा प्रिन्टर	विभिन्न सप्लयार्स	६३१३८९
		जम्मा	२२६६७१२

६८.१३ **अधुरा ठेक्का** - सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ मा खरिद सम्झौता अनुसारको काम र प्रगती नगरेमा खरिद सम्झौता अन्त्य गरि खरिद नियमावलीको नियम १२८ अनुसार पूर्व निर्धारित क्षतिपूर्ती लगाउने, खरिदकर्ताको प्रतिस्थापन गर्ने, कार्य सम्पनन जमानी प्राप्त गर्ने र बाँकी काम सम्झौता प्राप्त गर्नेबाट गराई दफा ६३ अनुसार कालो सुचीमा राख्न लेखि पठाउने समेतका कारवाहीहरु गर्ने व्यवस्थाहरु छन । गत बिगत बर्षहरु र यस बर्ष बिभिन्न निर्माण कामहरु गर्नको लागि प्रतिस्पर्धाबाट छनौट भएका निर्माण ब्यबसायीहरु र गाउँपालिका बिच भएको सम्झौता भएकोमा निर्माण ब्यबसायीहरुले प्रचलित कानून र सम्झौताको शर्त बमोजिम काम नगर्ने तथा निर्माण काम अधुरो राख्ने गरेको पाइयो । अधुरा ठेक्काहरुका हकमा केहि ठेक्कामा कारवाहीको प्रक्रिया शुरु गरेको र केहिमा कारबाहि नगरेको कारण ठेक्काको कामबाट प्राप्त हुनु पर्ने सेवा प्राप्त हुन नसकेको अवस्था उत्पन्न भएकोले उपरोक्त अधुरा ठेक्काहरुलाई उल्लेखित कारवाहीलाई कार्यान्वियन गरि ठेक्का खरिद सम्झौतालाई समयमै टुङ्ग्याई फरफारक गरि यस्ता निर्माण ब्यबसायीहरुलाई कालोसूचीमा राख्न लेखि पठाउनु पर्दछ । देहायका ठेक्काहरुको सम्बन्धमा देखिएका ब्यहोराहरु निम्नानुसार रहेका छन ।

योजनाको नाम	**निर्माण व्यसायी वा उपभोक्ता समितिको नाम**	**सम्झौता मिति**	**सम्पन्न गर्नुपर्ने मिति**	**म्याद थप मिति**	**यो बर्षसम्मको खर्च**	**प्रगति प्रतिशत**
हुङ्डुङ सामुदायिक भवन निर्माण योजना	हुङ्डुङ सामुदायिक भवन निर्माण योजना उपभोक्ता समिति	२०८२। १।१५	२०८२।३। २०	नभएको	८४०००० पेश्की	००
छेसुम्बा कृषि सडक तथा ग्रामिण सडक निर्माण	छेसुम्बा कृषि सडक तथा ग्रामिण सडक निर्माण उपभोक्ता समिति	२०८२। १।२४	२०८२।३। २०	नभएको	नभएको	००

उल्लेखित बिबरण अनुसार पाँच शैयाको आधारभूत अस्पताल भवन निर्माण ठेक्काको कार्य निर्धारित समयमा सम्पन्न हुन सक्ने अवस्था छैन । हुङ्डुङ सामुदायिक भवन निर्माण योजना उपभोक्ता समिति र छेसुम्बा कृषि सडक तथा ग्रामिण सडक निर्माण उपभोक्ता समितिको म्याद सकिएको नियमानुसार पूर्वानिर्धारित क्षतिपूर्ति लगाई काम टुंगो लगाउनु पर्दछ ।

६८.१४ **परामर्श सेवा खरिद** - बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ । यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन। डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ । कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन। पालिकाले आवश्यकताको पहिचानको आधारमामात्र डि.पी.आर. तथा अन्य बिषयगत प्रतिबेदन र सफ्टवेयर तयार गर्ने साथै आवश्यकता बेगर डि.पी.आर, अन्य सामाजिक प्रभाव अध्ययन प्रतिबेदन तथा सफ्टवेयर बनाउने कार्यमा नियन्त्रण हुनुपर्दछ।

कार्य विवरण	परामर्शदाता	स्वीकृत रकम	खर्च रकम	अध्ययनबाटआयोजनाको लागत	कार्यान्वियनभए/ नभएको
छोकंग देखि छेसुम्बा सम्म मोटर बाटो निर्माण	टप अप इन्जिनियरिङ सोलुसन प्रा.लि.	६५००००	६२७०००	१७०३५७९९०	कार्यान्वियन नगएको

६९ **एकिकृत स्वास्थ्य पूर्वाधार विकास- पाँच शैया आधारभुत अस्पताल भवन निर्माण**

अस्पताल भवन निर्माण - भोटखोला गाउँपालिकाको ५ शैया आधारभुत अस्पताल भवन निर्माण कार्यको लागि रू.७,४०,६२,२७३.७४ (पिए र भ्याट समेत) को लागत अनुमान तयार गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ई बिड मार्फत कम कबोल गर्ने निर्माण व्यबसायी जोशी- कुवंर- एसयएस जे.भी. काठमाण्डौसंग मिति २०८०।६।१४ मा सम्पन्न गर्ने गरी

रू.७,२९,८५,७९३.८३(पिए र भ्याट समेत) मिति २०७८।९।५ मा संझौता भएको देखिन्छ । उक्त संझौता बमोजिम पेश्की रकम रू.३५,९८,६६१.०० र पाँचौ रनिङ्ग बिलसम्म रू. ४,२५,८३,३८७.०८ गरी जम्मा रू. ४,६१,८२,०४८.०८ भुक्तानी भएको देखिन्छ। सो सम्बन्धमा देखिएका व्यहोराहरु निम्नानुसार रहेका छनः-

६९.१ **म्याद थप** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भर मग्दुर प्रयास गरे नगरेको, काबुबाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । सुरु संझौताको १०० प्रतिशतनै म्याद थप गर्दा पनि पालिकाको वित्तीय प्रगति ५८.३४ प्रतिशत रहेको अवस्थामा निर्माण व्यवसायीले काममा थप प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ।

६९.२ **Standard Bid Document** - सार्वजनिक खरिद ऐन, २०६३ को दफा १३ र सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ४७ बमोजिम बोलपत्र आह्वान गर्नु अघि बोलपत्र सम्बन्धी कागजात सम्बन्धित सार्वजनिक निकायले तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले बोलपत्र ठेक्काको उल्लेखित व्यवस्थाहरुको पुर्ण पालना नगरी ठेक्का व्यवस्था गरेको पाईयो । निर्माण तथा मालसामान खरिद तर्फ स्पेसिफिकेसन तथा BoQ स्वीकृत नगरी विनियोजित वजेटको आधारमा लागत अनुमान तयार गर्ने, सार्वजनिक खरिद अनुगमन कार्यालयले तयार गरेको नमुना बोलपत्र सम्बन्धी कागजातको आधारमा Standard Bid Document तयार गरी स्वीकृत गरेरमात्र बोलपत्र आह्वान गरी सोही आधारमा खरिद सम्झौता गर्नु पर्नेमा सो नगरी र २ पाने कागजात तयार गरी खरिद सम्झौता गर्दा खरिदको कार्यान्वियनमा जटिलता देखिएमा दोस्रो पक्षलाई जिम्मेवार वनाउन नसकिने हुन्छ । पालिकाले ठेक्का व्यवस्थापनमा आवश्यक ज्ञान भएको सक्षम कर्मचारीको परिचालन गरी सार्वजनिक खरिद ऐन, नियमावलीको अक्षरश पालना गरेर गर्नु पर्दछ ।लेखापरीक्षणको क्रममा Standard Bid Document निर्माण तथा स्वीकृत नगरी बोलपत्र आह्वान गरेको देखिन्छ।

६९.३ **पेश्की जमानत** - निर्माण व्यवसायीसँग भएको सम्झौतामा पेश्की लिन निर्माण व्यवसायीले शर्त रहितको बैक ग्यारेण्टी पेश गर्नु पर्ने प्रावधान अनुसार निर्माण व्यवसायीले पेश गरेकोको पेस्की जमानतको आधारमा पेस्की दिएको छ । उक्त पेस्की पाँचौ रनिङ्ग बिलसम्म कट्टा गरी रू.३५,९८,६६१.०० बांकी रहेको छ । उक्त पेश्की कृषि बिकास बैंकको बैक जमानत म्याद २०८२।२।३० मा समाप्त भै सकेको देखियो । लेखापरीक्षणको क्रममा उक्त पेस्की जमानतको म्याद थप भएको प्रमाण पेश हुन आएन । पेश्की जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यबसायीले कार्य गर्न नसक्ने अवस्थामा पेश्की जोखिममा पर्न सक्ने हुन्छ । तर्सथ पेश्की जमानतको म्याद थप गरेको प्रमाण पेश गर्नुपर्ने अन्यथा पेश्की रकम असुल हुनुपर्दछ।

प्रमाण पेश नगरेको	३५,९८,६६१

६९.४ **पिएस** – गाउँपालिकाले यस आर्थिक बर्षमा चौथो रनिङ्ग बिलबाट पिएसमा रहेको ल्याब टेष्ट वापत रू. ४०,११० भुक्तानी गरेको छ । भने पाचौ रनिङ्ग बिलबाट पनि ल्याब टेष्ट वापत रू. ४०११० भुक्तानी गरेको देखिन्छ । दुई वटा रनिङ्ग बिलबाट सो ल्याब टेष्ट गरेको प्रमाणहरु तथा खर्च बिलहरु लेखापरीक्षणको क्रममा पेश भएको देखिएन । साथै पाचौ रनिङ्ग बिलबाटको ल्याब टेष्ट वापत रकम दोहोरो

परेको देखिन्छ । अतः सो खर्चलाई पुष्ट्राई गर्ने गरी चौथो र पाँचौ रनिङ्ग बिलबाट ल्याब टेष्ट वापत खर्च लेखेको रकमको प्रमाण तथा बिलहरु पेश गर्नुपर्ने अन्यथा दोहोरो हुन गएको रकम असुल हुनुपर्दछ।

प्रमाण पेश नगरेको	८०,२२०

६९.५ **कार्यसम्पादन जमानत-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० अनुसार त्रुटी सच्याउने अवधि भन्दा कम्तिमा एक महिना वढि अवधी भएको कार्य सम्पादन जमानत राख्नुपर्ने व्यवस्था गरेको छ । उक्त निर्माण कार्यको लागि मिति २०८२।८।३० सम्मको म्याद थप भएको छ । कानुन बमोजिम कार्यसम्पादन जमानतको म्याद थप २०८३।०९।३० सम्मको हुनुपर्नेमा कृषि बिकास बैंकको रू. ३५,३०,००० (बैंक जमानत नं. PB/002/015/5271/21) को मिति २०८३।३।३० सम्मको मात्र रहेको र सोको म्याद थप गरेको देखिएन । कार्य सम्पादन जमानतको म्याद सकिएको अवस्थामा निर्माण व्यवसायीले दायित्व पुरा नगरेको अवस्थामा जिम्मेवार वनाउन सकिदैन । तसर्थ नियम बमोजिमको बैंक जमानतको म्याद थप हुनुपर्दछ।

७० **सामाजिक सुरक्षा तर्फ**

सामाजिक सुरक्षा तर्फ देखिएका वेहोराहरु देहाय बमोजिम रहेका छन्

७०.१ **नागरिकता नम्बर एकै भएका लाभग्राही -** सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने सम्बन्धि व्यबस्था रहेको छ ।नेपाल सरकारले जारी गर्ने नागरिकता परिचयपत्र नं. प्रत्येक व्यक्तिको फरक फरक हुने गरी जारी गर्दछ ।यस पालिका अन्तर्गतका ५ वटा वडा मध्ये निम्न वडाको प्रथम त्रैमासिकको नमुना परीक्षणको रुपमा सामाजिक सुरक्षा पाउने लाभग्राहीहरुको विवरण परीक्षण गर्दा निम्न व्यक्तिहरुको नागरिकता परिचयपत्र नंम्बर दोहोरो परेको देखिन्छ ।यस पालिका अन्तर्गतका वडा कार्यालयहरुले प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण परीक्षण गरी एकिन गर्ने र लगत कट्टा गर्नुपर्ने भए गरी यात् दोहोरो परेको भए सम्बन्धितबाट असुल गरी एम आइ एस प्रणालीमा अध्यावधिक गर्नुपर्ने देखिन्छ।

Frist Installment					
s.no.	**Ward no.**	**Member Name**	**Citizenship no.**	**Personal Id no.**	**Payment Amt.**
1.	2	Lami Bhote	48	2010011000574	12000
2.	2	Lajangmu Bhote	48	2013011004976	7980
3.	2	Pimma Bhote	656	2001030400705	12000
4.	2	Phurpu Lamu Bhote	656	2034011100481	7980
5.	4	Aangmu Bhoteni	1340	2012011000406	12000
6.	4	Jamjung Bhotini	1340	2008010513217	12000

७०.२ **तुलनात्मक विवरण-** पालिकाको अघिल्लो आर्थिक बर्ष र यस आर्थिक बर्षमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको औषत निकाली तुलनात्मक अवस्था निम्न रहेको देखिन्छ । उक्त विवरणको तुलनात्मक अध्यन्न गरी सामाजिक सुरक्षा भत्ता पाउने लाभग्राहीहरुको विवरण वास्तविक अध्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्दछ ।

लक्षित समुह	आ.ब. २०८०।८१ को चार त्रैमासिकको औसत सँख्या	आ.ब. २०८१।८२ को चार त्रैमासिकको औसत सँख्या	भत्ता दर
अन्य जेष्ठ नागरिक भत्ता	५२८	५२५	४०००
जेष्ठ नागरिक (दलित)	५	५	२६६०
जेष्ठ नागरिक (एकल महिला)	५७	५९	२६६०
विधवा	१२८	१३३	२६६०
पुर्ण अपाङ्गता क	४१	४१	३९९०
अति अशत्त अपाङ्गता ख	१९८	२०७	२१२८
दलित बालबालिका	९	७	५३२
लोपोन्मुख जाति	०	०	३९९०
जम्मा	९६६	९७७	

७०.३ **हिसाब भिडान** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को परिच्छेद ४ को बुँदा नं १४ मा स्थानीय तहले प्रविष्ट गरेको अद्यावधिक एम.आई.एस लगतका आधारमा सामाजिक सुरक्षा भत्ता रकम निकासा पाउने र परिच्छेद ५ को बुँदा नं २१ मा भत्ता रकम बैंक मार्फत वितरण गर्नुपर्ने सम्बन्धमा व्यवस्था छ। सोही कार्यविधिको अनुसुची १० को शर्त नं ६ र ७ मा बैंकले तोकिएको ढाँचामा लाभग्राहीको खातामा भत्ता वितरण गरेको विवरण खुल्ने रिभर्स फिड पालिकालाई उपलब्ध गराउनुपर्ने समेत व्यवस्था रहेकोमा यस पालिकाले अद्यावधिक रिभर्स फिड माग गरि आएको तर निकासा भिडान गरी हिसाब फरफारक गर्ने गरेको देखिएन । यस सम्बन्धमा पालिकाले अद्यावधिक विवरण माग गरी हिसाब फरफारक गर्नु पर्दछ ।

७०.४ **सामाजिक सुरक्षा विवरण** - सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता वितरण गर्दा सामाजिक सुरक्षा ऐन, २०७५, सामाजिक सुरक्षा नियमावली, २०७६, बिद्युतीय प्रणालीबाट सामाजिक सुरक्षा भत्ता भुक्तानी रणनीति, २०७४, सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को प्रावधान बमोजिम गर्नुपर्ने व्यबस्था रहेको छ ।पालिकाबाट सामाजिक सुरक्षा कार्यक्रमको लागि यो बर्ष नेपाल सरकारबाट प्राप्त बजेट मध्ये रू. ३,७७,४६,८६९ खर्च भएको आर्थिक विवरण पेश गरेको छ । पालिकाको यस बर्षको सामाजिक सुरक्षा अनुमानित बजेट प्रतिवेदन, पालिकाबाट भएको निकासा र लाभग्राहीहरुको खातामा जम्मा भएको रकमको स्थिति देहायबमोजिम पेश गरेको छ ।

किस्ता	अनुमानित बजेट प्रतिवेदन	निकासा	खर्च(रिभर्स फिड)
प्रथम	९२४६३२९	९२४६३२९	९२४६३२९
दोस्रो	९४१३९६०	९४१३९६०	९४१३९६०
तेस्रो	९४६६४४१	९४६६४४१	९४६६४४१
चौथो	९६६९८४४	९६६९८४४	९६६९८४४
जम्मा	३७७९६५७४	३७७९६५७४	३७७९६५७४

७०.५ **लगत कट्टाको बिबरण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि,२०७७ को बुँदा नं ११ मा ऐनको दफा १९ बमोजिम सम्बन्धित स्थानीय तहको अभिलेखबाट हटाउनुपर्ने लाभग्राहीको नाम कार्यालय प्रमुखबाट निर्णय गराई प्रणालीबाट लगत कट्टा गरी स्थानीय तहको मूल अभिलेखमा समेत जनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले लेखापरीक्षणको क्रममा तपसिलको लाभग्राहीको लगत कट्टा गरेको विवरण पेश गरेकोमा कार्यविधिमा उल्लेख भएको प्रकृया पुरा गरी लगत कट्टा हुनुपर्नेमा सो प्रकृया पुरा गरेको देखिएन । लगत कट्टा समयमै अद्यावधिक गरी मूल अभिलेखमा समेत जनाउने व्यवस्थाको पालना हुनुपर्दछ ।

सामाजिक सुरक्षा किसिम								
वडा नं	ज्येष्ठ नागरिक अन्य	ज्येष्ठ नागरिक दलित	ज्येष्ठ नागरिक एकल महिला	विधवा	पूर्णअपाङ्गता	अतिअशक्त अपाङ्गता	दलित बालबालिका	जम्मा
१	०	०	०	०	०	०	०	०
२	४	०	०	०	०	०	०	४
३	४	०	०	०	०	०	०	४
४	३	१	०	०	१	०	०	५
५	६	०	०	०	०	०	०	६
जम्मा	१७	१	०	०	१	०	०	१९

७०.६ **बैंक रुजु तथा परीक्षण** - सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ दफा २६(३) मा एक आर्थिक बर्षसम्म एकपटक पनि रकम नझिकेका लाभग्राहीको विवरण सेवा प्रदायक बैंकबाट अनुसुची ११ बमोजिमको ढाँचामा प्राप्त गरी त्यस्ता लाभग्राहीका सम्बन्धमा स्थानीय तहले आवश्यक छानबिन गरी कुनै लाभग्राहीको मुत्यु भएको वा कुनै कारणले भत्ता प्राप्त गर्न योग्य नभएको पाईएमा सम्बन्धित बैंकबाट लगत कट्टा हुने मिति सम्मको रकम सम्बन्धित हकवालालाई भुक्तानी गरी सो मिति भन्दा पछिको रकम फिर्ता गरी सँघीय सँचित कोषमा दाखिला गर्नुपर्ने छ भनी उल्लेख गरेको छ । पालिकाले उक्त विवरण बैंकबाट माग गरी ५ वटा वडाको ५३ जना निष्कृय लाभग्राही लगत कट्टा गर्नुपर्ने भएको अवस्था पहिचान गरी लगत कट्टा गरी निष्कृय खातामा बांकी रहेको रकम मिति २०८२।५।१५ मा रू.२२,३९,४५०.४५ संघीय सञ्चित कोषमा दाखिला गरेको छ ।

७०.७ **सार्वजनिक सुनुवाई** - स्थानीय तहले भुक्तानी गरेको रकम र बुझिलिनेहरुको नामावली स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने र वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्नेछ। सार्वजनिक सुनुवाईमा प्राप्त गुनासा तथा सुझावहरु मध्ये आफूले सक्ने कुराहरु सम्बोधन गरी नसकिने खालका सुझाव तथा गुनासाहरु सम्बोधनका लागि स्थानीय तह कार्यालयमा पठाउनु पर्नेमा सो गरेको पाइएन। सुनवाई नगरी लाभग्राही सुची अनुसार भत्ता वितरण गरेको छ।

७०.८ **परदर्शिता र जवाफदेहिता** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को दफा ३२ अनुसार स्थानीय तहहरुको कार्यालयले सामाजिक सुरक्षा भत्ता सम्वन्धी जानकारी (लाभग्राहीको नाम दर्ता तथा नविकरण प्रकृया, भत्ताको दर, प्राप्त हुने बैङ्क र लाभग्राहिले पुरा गर्नुपर्ने प्रकृया) स्थानीय सामाजिक संस्था, गैरसरकारी संस्था, सामाजिक परिचालनमा संलग्न संस्थाहरुको सहयोग लिएर अनिवार्य रुपमा प्रचार प्रसार गर्नुपर्ने र यस सम्बन्धी सूचना स्थानीय एफ.एम. लगायतका संचार माध्यमहरुवाट प्रचार प्रसार गर्नुपर्ने व्यवस्था मिलाउनुपर्ने र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसी स्थानीय तहका कार्यालयका अतिरिक्त सम्बन्धित वडा कार्यालयमा समेत सार्वजनिक गर्नुपर्ने साथै, सम्बन्धित स्थानीय तहको वेभ साइटमा राख्नुपर्नेमा सो समेत नगरी यस कार्यालयले पारदर्शिता र जवाफदेहिताको विधि प्रकृयाको पालना गरेको पाइएन। यसले गर्दा भत्ता वितरण पारदर्शी ढङ्गबाट भएको छ भनि यकिन हुने अवस्था देखिएन।

७०.९ **अनुगमन** - सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७७ को परिच्छेद ६ अनुसार प्रत्येक कार्यालयले सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रमको नियमित अनुगमन, मुल्याङकन तथा सुपरिवेक्षण गर्न एक स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन

गरि निर्देशिका बमोजिम अनुगमन मूल्याङ्कन गरी भत्ता वितरणलाई व्यवस्थित गर्नुपर्नेमा समिति गठन भएको नपाइएकाले कार्यविधि अनुसारको कार्य भएको छैन।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८१/८२

कार्यालय र स्थान : भोटखोला गाउँपालिका, संखुवासभा , भोटखोला गाउँपालिका , संखुवासभा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	फुर्पु भोटे	२०७८-०४-११	हाल सम्म कार्यरत
कार्यालय प्रमुख	Rajiv Adhikari	२०८०-८-२२	२०८१-०५-१०
लेखा प्रमुख	भोलामान राई	२०८०-१-१३	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
५८९,९३५	१५,९२६,१००	८,८२८,७८४	०	०	८४०,०००
प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.					२६,१८४,८१९
प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.					०
संपरीक्षणबाट थप भएको बेरुजू रु.					०
लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.					२६,१८४,८१९

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		४१२५२६९६.०६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	१७४२५५९२०	चालु खर्च	२०५८०९७१०
प्रदेश सरकारबाट अनुदान	१२९५००००	पूँजीगत खर्च	५००८३४९३
राजश्व बाँडफाँट	७५२१९३०५.८६	वित्तीय/अन्य व्यवस्था	६८५८७०४९.९५
आन्तरिक आय	१७८२४३१.९३		
अन्य आय	५८२९११६३.१५		
कुल आय	३२२४९८८२०.९४	कुल खर्च	३२४४८०२५२.९५
बाँकी मौज्दात		३९२७१२६४.०५	

अनुसूची - २

बेरूजु दफा २ सँग सम्बन्धित विवरण - अनुसूची - ३

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)								
			चालु आ . ब . को कारोबार			गत आ . ब . को कारोबार		
क्र. स ./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा	नगद	तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी)	जम्मा
	राजस्व, अनुदान र अन्य प्राप्ति							
११०००	कर		७,३१,०८,०१३.०७	०	७,३१,०८,०१३.०७	५,८८,४१,४८८.८०	०	५,८८,४१,४८८.८०
१३०००	अनुदान		१७,८७,००,२१०.००	०	१७,८७,००,२१०.००	१७,५४,३८,२२४.००	०	१७,५४,३८,२२४.००
१४०००	अन्य राजस्व		३७,५४,२४७.७२	०	३७,५४,२४७.७२	३२,८०,९६१.७९	०	३२,८०,९६१.७९
१५०००	विविध प्राप्ति		१,३९,४७७.००	०	१,३९,४७७.००	०	०	०
क	कुल जम्मा प्राप्ति		२५,५७,०१,९४७.७९		२५,५७,०१,९४७.७९	२३,७५,६०,६७४.५९		२३,७५,६०,६७४.५९
३	चालु		२०,५८,०९,७१०.००	०	२०,५८,०९,७१०.००	२१,०१,९६,२०५.००	०	२१,०१,९६,२०५.००
२१०००	पारिश्रमिक / सुविधा		१२,६२,०३,१३९.००	०	१२,६२,०३,१३९.००	८,८३,०४,६८८.००	०	८,८३,०४,६८८.००
२२०००	मालसामान तथा सेवाको उपयोग		७,१८,५३,८४६.००	०	७,१८,५३,८४६.००	११,१४,९९,९६९.००	०	११,१४,९९,९६९.००
२५०००	सहायता (Subsidy)		२,००,०००.००	०	२,००,०००.००	०	०	०
२७०००	सामाजिक सुरक्षा		५८,५३,०२५.००	०	५८,५३,०२५.००	९१,२९,७१३.००	०	९१,२९,७१३.००
२८०००	अन्य खर्च		१६,९९,७००.००	०	१६,९९,७००.००	१२,६१,८३५.००	०	१२,६१,८३५.००
४	पूंजीगत		५,००,८३,४९३.००	०	५,००,८३,४९३.००	४,००,६१,८८९.००	०	४,००,६१,८८९.००
३१११०	भवन तथा संरचना		११,१०,६६१.००	०	११,१०,६६१.००	२६,१२,०७६.००	०	२६,१२,०७६.००
३११२०	सवारी साधन , मेशिनरी औजार , फर्निचर्स तथा फिक्चर्स		२७,८८,४९९.००	०	२७,८८,४९९.००	९,९०,४०३.००	०	९,९०,४०३.००

३११५०	सार्वजनिक निर्माण		३,९०,७०,३८४.००	०	३,९०,७०,३८४.००	३,४६,०१,५२०.००	०	३,४६,०१,५२०.००
३११६०	निर्मितसरचनाको सुधार खर्च		७१,१३,९४९.००	०	७१,१३,९४९.००	३,७५,१००.००	०	३,७५,१००.००
३११७०	पूँजीगत सुधार खर्च		०	०	०	९,९७,७९०.००	०	९,९७,७९०.००
३१३१०	बहुमूल्य सामानहरु		०	०	०	४,८५,०००.००	०	४,८५,०००.००
ख)	कुल जम्मा भुक्तानी		२५,५८,९३,२०३.००		२५,५८,९३,२०३.००	२५,०२,५८,०९४.००		२५,०२,५८,०९४.००
ग)	बचत / कमी (ग = क - ख)		(१,९१,२५५.२१)		(१,९१,२५५.२१)	(१,२६,९७,४१९.४१)		(१,२६,९७,४१९.४१)
घ)	धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप / घट (+/-)		(१९,५८,७९०.१७)		(१९,५८,७९०.१७)	९०,२७,८५१.७३		९०,२७,८५१.७३
घ. १)	कट्टी रकम भुक्तानी / दाखिला गर्न बाकी		-४४,९३८.००		-४४,९३८.००	(३,१८,३८२.००)		(३,१८,३८२.००)
ङ)	यस आ . ब . को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग + घ)		(२१,५०,०४५.३८)		(२१,५०,०४५.३८)	(३६,६९,५६७.६८)		(३६,६९,५६७.६८)
च)	गत आ . व . को नगद तथा बैंक मौज्दात		४,११,५२,२३५.०६		४,११,५२,२३५.०६	४,४८,२१,८०२.७४		४,४८,२१,८०२.७४
छ)	विनिमय नाफा / घाटा तथा अन्य समायोजन							
ज)	आ. व . अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज = ङ + च + छ)		३,९०,०२,१८९.६८		३,९०,०२,१८९.६८	४,११,५२,२३५.०६		

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस नगरपालिकाले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ।
- स्थानीय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत एकमुष्टमा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।
- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितता बेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण तथा खरिद कार्य उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फस्यौंट गर्नुपर्दछ।

- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ। लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।

- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ। मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।

- कर्मचारीहरुलाई प्रोत्साहन भत्ता खर्च गर्दा आन्तरिक आयलाई समेत ध्यान दिनुपर्ने देखिन्छ।

- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २७ मा प्रचलित कानुनबमोजिम नेपाल सरकारलाई प्राप्त हुने राजस्व तथा अन्य सरकारी रकम कार्यलयमा प्राप्त भएपछि सोही दिन तथा सोही दिन सम्भव नभए सोको भोलिपल्ट प्रचलित ढाँचामा लेखा राखी बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था छ। सोही व्यबस्था अनुसार वडागत रुपमा असुली गरेको राजस्व भन्दा दाखिला कम गरेको देखिन्छ। दाखिला गर्न बांकी रहेको रकम कानुन बमोजिम दाखिला गर्नुपर्दछ।

- निर्माण कार्यहरुमा बिमा नगर्ने, नगराउने, बिमाको म्याद सकिएको अवस्थामा म्याद थप नगराउने वा सम्झौता प्रतिमा बिमाको क्लजनै नराखी कार्य गर्ने पारिपाटीमा सुधार हुनुपर्दछ।

- भोटखोला गाउँपालिकाको ५ शैया आधारभुत अस्पताल भवन निर्माण कार्यको लागि मिति २०७८।९।५ मा सम्झौता भई सुरू भएकोमा हालसम्म कायर्य सम्पन्न हुन नसकि अधुरो अवस्थामा रहेको छ। समयमा सम्पन्न गर्न तर्फ पालिकाले जोड गर्नुपर्दछ।